का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १६९
❒ २० साउन २०७८, बुधबार
❒ 4 August 2021, Wednesday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## तेस्रो पटक अविश्वासको प्रस्ताव

लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेल विरुद्ध तेस्रो पटक अविश्वासको प्रस्ताव दर्ता भएको छ । विपक्षी गठबन्धनले यसअघि ६ र २६ वैशाखमा अविश्वासको प्रस्ताव गरेको थियो ।

**आचार्य प्रदीप/मध्यान्ह**
बुटवल, १९ साउन

लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरिएको छ । विपक्षी नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका सांसदले मंगलबार दिउँसो प्रदेशसभा सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराएका हुन् ।

३४ जना प्रदेशसभा सदस्यको हस्ताक्षर सहित बुझाएको अविश्वास प्रस्तावमा नेकपा माओवादी केन्द्रका कुलप्रसाद केसीलाई नयाँ मुख्यमन्त्री प्रस्ताव गरिएको छ । यसअघि वैशाख १९ गते अविश्वास प्रस्तावको सामना नगरी पुनः मुख्यमन्त्री हुने पूर्वयोजनाअनुसार शंकर पोखरेलले बिहानै राजीनामा दिएका थिए ।

पोखरेल संविधानको धारा १६८ को १ अनुसार बहुमत प्राप्त दलको नेताका रुपमा दोस्रो पटकका लागि मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । तर, विपक्षीहरुले भने मुख्यमन्त्री नियुक्त हुँदा पोखरेलसँग एकल बहुमतको सरकार बनाउने सांसद संख्या नै नभएको बताउँदै आएका छन् ।

अहिले सांसद विमला वली एमालेमै फर्किएपछि सरकारको पक्षमा ३९ जना सांसद संख्या भएको र जसपाका ३ सांसदको मुद्दा सर्वोच्चमा विचाराधीन रहेकाले त्यो फैसला पक्षमा आएपछि सरकारसँग बहुमत हुने सरकारका प्रवक्ता बैजनाथ चौधरी बताउँछन् ।

संविधानको धारा १६८ (१) अनुसारको सरकारका लागि भने एकल बहुमत पुग्दैन। यसअघि जसपाका ३ जनाको सांसद पद अदालतले कायम राख्दा पोखरेलको पक्षमा बहुमत थियो ।

तर, जसपालाई सरकारलाई सामेल गराए संविधानको धारा १६८(२) अनुसार विश्वासको मत लिन विपक्षीले माग गर्दै आएका थिए । सरकार भने विश्वासको मत नलिने पक्षमा शुरुदेखि नै थियो । एमालेकै माधव कुमार नेपाल पक्षका सांसदले धोका दिनसक्ने भएकाले मुख्यमन्त्री पोखरेलले विश्वासको मत लिन हिम्मत गरेका छैनन् । बाँकी पृष्ठ २ मा

# सरकारको नजर नियुक्तितिर

## ■ कुलमान घिसिङलाई विद्युत प्राधिकरणमा ल्याउने तयारी



केपी शर्मा ओली नेतृत्व सरकारले गरेको राजनीतिक नियुक्तिहरु उल्ट्याउँदै जाने प्रधानमन्त्री शेरबहादुर देउवाले संकेत गरेका छन् । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकमा पुनः कुलमान घिसिङलाई ल्याउने र भूमि आयोग खारेज गरेर त्यस्तो संकेत गरेका हुन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ साउन ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गरेको राजनीतिक नियुक्तिहरु उल्ट्याउने संकेत प्रधानमन्त्री शेरबहादुर देउवाले गरेका छन् । मंगलबार केही राजनीतिक नियुक्ति खारेजी र खारेजीको प्रक्रिया शुरु गरेर त्यस्तो संकेत दिएका छन् । मंगलबारको मन्त्रिपरिषद् बैठकले भूमि सम्बन्धी समस्या समाधान गर्न गठित आयोग खारेज गरेको छ ।

ओलीले एमाले कार्यकर्ता भर्ती थलोको संकेत दिनेगरी देवीप्रसाद ज्ञवालीको नेतृत्वमा भूमि आयोग गठन गरेको थियो । ज्ञवालले देशभर ठूलो संख्यामा एमाले कार्यकर्तालाई यो आयोगमा नियुक्ति दिएका थिए । भूमि आयोगसँगै सरकारले अन्य नियुक्तिहरु समेत खारेज गर्ने संकेत सरकारले दिएको छ ।

मंगलबार नै नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई राजीनामा गर्न प्रधानमन्त्रीले निर्देशन दिएका छन् । प्रधानमन्त्रीका निर्देशनअनुसार उर्जा मन्त्री पम्फा भुसालले राजीनामा गर्न शाक्यलाई भनिसकेका छन् । शाक्यको ठाउँमा कुलमान घिसिङ ल्याउने तयारी समेत सरकारले गरेको छ । लोडसेडिङ मुक्त गरेका घिसिङले यसअघि चार वर्षे कार्यकाल पूरा गरिसकेका छन् । उनलाई पुनः कार्यकारी निर्देशक नियुक्त गर्न आम पंक्तिले दबाव दिएपनि ओलीले आफू निकट शाक्यलाई नियुक्त गरेका थिए ।

शाक्यलाई राजीनामा माग्नुमा भने सरकारले उनको योग्यतामाथि प्रश्न उठाएको छ । देशभित्र निर्माणाधीन अवस्थामा रहेका जलविद्युत् एवं प्रसारण लाइन आयोजनालाई समयमा पूरा गर्नेतर्फ ध्यान नदिइएको भन्दै सरकारले उनलाई हट्न दबाव दिएको हो ।

पछिल्लो समयमा बिजुलीको चुहावटमा वृद्धि भएको र त्यसलाई न्यून गर्नेतर्फ जुनस्तरमा पहल हुनुपर्ने थियो, त्यसोसमेत हुन नसकेको तथा व्यवस्थापकीय क्षमतासमेत प्रदर्शन गर्न प्राधिकरणको नेतृत्व चुकेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको बुझाइ छ । प्राधिकरणका कार्यकारी निर्देशक र ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयबीच हुने कार्यसम्पादन करार सम्झौतामा उल्लेख भएअनुसारको जिम्मेवारी पूरा नभएको भन्दै मन्त्रालयले चासो व्यक्त गरेको बाँकी पृष्ठ २ मा



## ▌अक्षरमा समर्पित एउटा जीवन

# शिला खोपिन्छ कि मन ?

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

"कहिल्यै सोचेको थिएन । जिन्दगीको कालखण्ड अक्षरको शब्दमा बित्छ भन्ने । तर, यस्तै भैदियो ।"

सप्तरीको सुरुङ्गा-७ मा २०३७ मा जन्मिएका ध्रुबनारायण चौधरी आफ्नो जीवन भोगाइबारे यस्तो बताउँछन् । उनै अक्षरका सारथी चौधरीको जीवन यात्रा भने यसरी अगाडि बढ्यो-

सुरुङ्गामा ५, ७ सय घर थारु बस्ती छ । तर उनीहरुको बस्ती सबै ऐलानी जग्गामा छन् । सबैको आयआर्जन खेतीपातीबाटै हुन्थ्यो । थारुबस्तीलाई राजपुतहरुले रैती बनाएर राखेका थिए ।

पुख्यौली सम्पती बाजेले सिकाएपछि जमिनविहीन चौधरीलाई हातमुख जोर्न अर्कैको भर पर्नुपर्ने बाध्यताले डोहोऱ्यायो । सानैदेखि मिहेनती उनी शिक्षकको घरमा काम गर्दै पढ्न थाले । पढाईसँगै होस्टल र स्कूलको शुल्क मिनाहा पाए । २०५२ सालको एसएलसी प्रथम श्रेणीमा उत्तीर्ण भए ।

१६ बर्षको कलिलै उमेरमा गाउँकै एक दाजुको लहैलहैमा काठमाण्डौं छिरे र अक्षरहरुसँग खेल्नथाले । साईनबोर्ड, ब्यानर, पर्चा, पम्प्लेट, भित्तेलेखन, नम्बरप्लेट, झण्डा, हुँदै शिलालेखसम्म पुगे । दुई वर्ष उनै दाईको पसल बिताए । विवाह त्यसैबेला भयो ।

ललितपुरको पुल्चोकमा केही वर्ष काम गरे । दुई हजार तलबले खान बस्न राम्रैसँग पुग्थ्यो । अहिले आफ्नै मिहेनतको पसल छ, तिनकुने गैरीगाउँमा । यही कमाइले ठुली छोरी दीपा ब्याचलर दोस्रो वर्ष पढ्दैछिन् । माइली छोरी १२ कक्षा पढ्छिन भने कान्छी कक्षा ९ मा । तर असहजता बढ्दो छ ।

●●●

पहिले-पहिले सबै काम हातैले गर्नुपर्थो, मेसिनको विकास अहिले जस्तो थिएन । "अक्षरको लहर राम्रो हुँदै जान्थ्यो, मन खुसी हुन्थे", चौधरी सम्झन्छन्, "त्यतिखेर तलबमै भएपनि राम्रो कमाई गर्थे । आफ्नै पसल भए हुन्थ्यो जस्तो लाग्थ्यो ।"

अहिले आफ्नै पसल छ, तर सोचेजस्तो कमाई छैन । सबै काम मेसिनबाट हुन्छ । डिजिटल प्रबिधिबाट कामसँगै शुल्कमा पनि प्रतिस्पर्धा छ । पहिले पार्टीका तुल, ब्यानर, झण्डा बनाएर साध्य चल्दैनथे । कामको बोझ रातदिन हुने ।




अहिले सबै काम डिजिटल प्रबिधिबाट हुन थाल्यो । "ठुला मेसिनमा लगानी गर्ने पैसा पनि छैन", उनी भन्छन् । उनको पसलमा अहिले सबैभन्दा बढी शिलालेख र नम्बर प्लेट बिक्री हुन्छ । शिलालेख प्राय मठमन्दिर, पाटीपौवा, ठुलाठुलाभबन, र स्मारकमा प्रयोग हुन्छ भने नम्बरप्लेट सवारी साधनमा ।

सरकारले इम्बोस्ट नम्बर प्रणाली ल्याउँदा फेरि पीर उनैलाई पर्नेछ । "बैकल्पिक बाटो भनेको केही छैन । त्यसो त हातबाट गरिने कामहरु लोप होला की भन्ने चिन्ता पनि छ", उनी भन्छन् ।

सरकारले नै केही गरिदिए हुन्थ्यो भन्ने उनको मनमा लाग्छ । "राम्रो लगानी गर्नेहरु पनि शिलालेख भन्दा ताम्रपत्र रोज्छन् । ताम्रपत्र बनाउन सक्दैनौ", उनी भन्छन् ।

छिना र हम्मरले शिलालेख बनाउन तीन चार लाग्छ, त्यो पनि फुट्ने डर हुन्छ । तर अहिले मेसिनबाट हुन्छ । "धेरै मठमन्दिरहरुको बाँकी पृष्ठ २ मा

# यूएईमा नेपालीले प्रवेश अनुमति पाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ साउन

संयुक्त अरब इमिरेट्स (यूएई) ले शसर्तरुपमा नेपालसहित ६ देशका नागरिकलाई प्रवेश अनुमति दिने भएको छ। यूएईले कोरोनाको दोस्रो डोजको खोप लगाएको १४ दिनपछि मात्र आफ्नो देशमा प्रवेश गर्न पाउने बताएको छ ।

लामो समयदेखि नेपाललगायत १६ देशलाई यात्रा प्रतिबन्ध लगाएको यूएईले मंगलबार कारोना भाइरसविरूद्ध पूर्ण खोप लगाएका यात्रु तथा यूएईमा आवासीय अनुमति पत्र प्राप्त व्यक्तिहरुलाई प्रवेश अनुमति दिने निर्णय गरेको यूएईका सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् ।

यूएईको राष्ट्रिय आपत्कालीन तथा विपद व्यवस्थापन प्राधिकरणले मंगलबार नेपालसहित भारत, पाकिस्तान, श्रीलंका, नाइजेरिया र युगान्डामा अलपत्र आवासीय अनुमति रहेका यात्रुलाई प्रवेश अनुमति दिइने जाकारी दिएको हो। फर्किन पाउने प्राथमिकताको सूचीमा चिकित्सक, नर्स तथा स्वास्थ्य क्षेत्रका प्राविधिक, शैक्षिक संस्थाका कर्मचारी र विद्यार्थी, मानवीय सेवाका कर्मचारी र यूएईको सरकारी कार्यालयमा कार्यरत कर्मचारी रहेका छन् ।

कोरोना भाइरस संक्रमण बढेपछि नेपाललगायत १६ देशका नागरिकहरुलाई प्रवेश प्रतिबन्ध लगाएका कारण घर विदामा आएका हजारौं नेपाली रोजगारीमा फर्किन पाएका छैनन् । यूएईले ५ अगस्ट बिहीबारदेखि नै नेपालीमाथिको यात्रा प्रतिबन्ध फुकुवा गर्ने बताएको छ ।

आबुधाबीस्थित नेपाली दूतावासले ४८ घण्टाभित्रको कोरोनाको पीसीआर परीक्षणको नेगेटिभ रिपोर्ट साथमा हुनुपर्ने, यूएई अवतरण गरेपछि विमानस्थलमा पनि पीसीआर गरी क्वारेन्टिन बस्नुपर्ने लगायतका अन्य स्वास्थ्य प्रोटकल कडाइका साथ पालना गर्नुपर्ने बताएको छ ।

नेपाली दूतावासले वैदेशिक रोजगारसहित सबै प्रकारका भ्रमणमा उक्त मुलुक जानेले अनिवार्य रुपमा क्यूआर कोडसहित कोरोना खोप प्रमाणीकरण गर्न आग्रह गरेको छ ।

नेपालमा कोरोना संक्रमण बढेपछि हाल यूएईमा नेपालबाट उडान रोकिएको छ। तर नेपाली दूतावासले पछिल्लो समय खाडीका धेरै देशहरुले यात्रुले कोरोनाविरुद्धको खोप लगाएको प्रमाणमा क्यूआर कोड पनि मागिरहेकाले यूएईले पनि चाँडै यस्तो नियम लगाउन सक्ने भन्दै क्यूआर कोड अनिवार्यरुपमा लिन भनेको हो । नेपालमा रहेका राहदानी बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

#### इजरायल रोजगारी

## सोमबार बिहानसम्म आवेदन दिएकाले पुनः विवरण रुजु गर्नुपर्ने

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले इजरायलको केयर गिभर रोजगारीका लागि आवेदन दिने अनलाइन प्रणालीमा समस्या आएको भन्दै सोमबार बिहानसम्म आवेदन दिएकाहरूले पुनः आफ्नो विवरण रुजु गर्नुपर्ने बताएको छ ।

सोमबार बिहान १ बजेदेखि विभागको प्रणालीमा समस्या आएको थियो । जसका कारण आवेदनको प्रक्रिया नै अवरुद्ध भएको थियो । अनलाइन आवेदन दिने प्रणालीमा समस्या समाधान भए पनि समस्या शुरु हुनुभन्दा अघि आवदेन दिएकाहरुको विवरण प्रणालीमा रिकभर हुन नसकेको भन्दै विभागले सूचनामार्फत आफ्नो विवरण पुनः रुजु गर्न आवेदकहरुलाई आग्रह गरेको हो । बाँकी पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

यस कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

1. Recruitment Coordinator (Male/Female) - 2 nos
   * Should have Hospitality Background
2. Document Controller (Female) - 2 nos
   * Should have experience in related field

श्रम इजाजत पत्र नं: ३३७/०५९/०६०

**LIFE LINE OVERSEAS PVT.LTD.**
गोगांबु, काठमाडौं, नेपाल, फोन नं. ०१-४९००४२८८, ४९०४५२२, ४९०३६४१, मो. ९८५११९३४४९

**Vacancy Announcement**

*A reputed manpower company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-*

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | Receptionist | 1 (Female) |
| २ | Documentation | 2 (Male/ Female) |
| ३ | Pro | 2 (Male/ Female) |
| ४ | Accountant | 1 (Male/ Female) |

*(Attractive Salary)*

- Experienced candidates to be offered a nice salary package.
- For interview, kindly contact at 9851052287 or the office land line number.
- CV's can be emailed at radiant.overseasktm@gmail.com

**RADIANT OVERSEAS P. LTD.**
Tinkune- 32, Kathmandu, Nepal.
Tel:01-4117963
Govt Lic. No. 1016/068/069

### उच्च जोखिमका घरमा बस्ने तयारी नगर्नु: मेलम्ची नगरपालिका

# गाँस, बाँस र स्वास्थ्य उपचारको अभाव हुन नदिने घोषणा

**सुशील सुवेदी/मध्याह्न**
मेलम्ची, साउन १९

असार १ गतेदेखि आएको बाढीले नदितटिय घर बस्तिमा क्षति पुऱ्याएको बेला समेत स्थानीय सरकारले वेवास्ता गरेको भन्दै नगरपालिकाको आलोचना भइरहेको बेला मेलम्ची नगरपालिकाले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

'नगरपालिकाले असार १ गते देखिनै नगरपालिकाको सबै संयन्त्र प्रयोग गरी नदि नियन्त्रणदेखि बस्ती जोगाउन अथक प्रयास गरिरहेको छ' नगरपालिकाले विज्ञप्तिमा भनेको छ ।

बेलैमा सूचना आएकाले मानविय क्षति हुन नपाएको समेत नगरपालिकाले विज्ञप्तिमा उल्लेख गरेको छ ।

तत्कालको लागि सामुहिक रुपमा बासस्थानको व्यवस्था गरेको नगरपालिकाले १५ दिन सम्म इन्द्रेश्वरी माध्यमिक विद्यालयमा प्रभावितहरुलाई बासको व्यवस्था गरेको बताएको छ। साथै ग्यास, चुलो, ओछ्याउने, भाडाकुँडा र रासन समेतको व्यवस्था गरी इच्छाएको सुरक्षित ठाउँमा स्थानान्तरण गर्न नगरपालिकाले भूमिका खेलेको नगर प्रमुख डम्बर अर्यालले जानकारी दिए ।

साथै कुपनको व्यवस्था गरी १ महिनाको लागि खाद्यान्न वितरण गर्नेकाम भएको नगर प्रमुख अर्यालले दावी गरे ।

पहिरोको माथिल्लो भेगको अवस्थाको मुल्याङ्कन गर्दै सम्बन्धित विषय विज्ञहरुको निरन्तर सल्लाह र सुझाव बमोजिम तल्लो तटिय क्षेत्रमा नदिको कटान रोकी क्षति न्यूनिकरण गर्ने काममा नगरपालिका निरन्तर लागिरहेको अपिलमा उल्लेख गरिएको छ। हालसम्म नगरपालिकामार्फत ग्याविन बक्स १२७८ थान, ४७८ टिप ढुंगा, ७ वटा मेसिन लगातार १ महिनासम्म खोलामा आवश्यकताको आधारमा प्रयोग एवम् परिचालन गरिएको जनाएको छ । यस कार्यमा भएका खर्चहरु नगरपालिकाले अहिलेसम्म आफ्नो वेवसाइटमा सार्वजनिक गर्दै आएको अर्यालले बताए ।



बाढी प्रभावितहरुको सम्पुर्ण विवरण संकलन गरी नगर कार्यपालिकाको निर्णय अनुसार नगरपालिकाले प्रभावितहरुको वर्ग छुट्याएर २५,२०,१५ र १० हजारको दरले तत्कालको लागि प्रभावितहरुको बैंक खातामा जम्मा गर्ने कार्य सुरु भइसकेको जनाएको छ। अस्थायी आवास निमार्णको लागि नेपाल सरकारबाट प्राप्त हुने ५० हजार रुपैयाँ सम्झौता गरी प्रभावितहरुलाई वितरण गर्ने तयारी भइरहेको भन्दै नगर प्रमुख अर्यालले पुनर्निर्माणको लागि प्राप्त हुने ५ लाख रुपैयाँ र बसोबास योग्य जग्गा नहुनेको लागि थप ३ लाख समेत प्राप्त पर्ने सुनिश्चित भइसकेको बताए ।

प्रदेश सरकार, केन्द्र सरकार र सरोकारवाला निकायसँगको समन्वय र नगरपालिकाको आन्तरिक स्रोतको अधिकतम उपयोग गर्दै नगरपालिकाले आफ्नो तर्फबाट गर्नुपर्ने सम्पुर्ण काम गरिरहेको र गरिरहने प्रतिबद्धता समेत नगरप्रमुख अर्यालद्वारा हस्ताक्षरित अपिलमा भनिएको छ । प्रभावितको राहत तथा उद्धारको लागि नगरपालिका व्यक्ति, सघंसंस्था, समुहसँग जतिबेला पनि छलफलको लागि तयार रहेको उल्लेख गरिएको छ ।

नगरपालिका भित्रका तालामाराङदेखि ढाडखोला किनारमा रहेको वस्तिहरुलाई संरक्षण गर्नेदेखि बाढी प्रभावितलाई आवास निर्माणका लागि आवश्यक पहल गरिरहेको नगर प्रमुख अर्यालले बताए ।

पहिरो गएको मुहान क्षेत्रबाट अझैपनि पहिरो आउने सम्भावना रहेको र वर्षातको समय भएकाले मेलम्चीको तल्लो बजारको घरहरु सफा गर्ने र त्यहि बस्नेगरी थालिएको तयारी जोखिमको हिसाबले उपयुक्त नभएको नगरपालिकाले दाबी गरेको छ । बाढी प्रभावित नागरिकको गाँस, बाँस र स्वास्थ्य उपचारको अभाव हुन नदिने नगरपालिकाले बताएको छ ।

वर्षातको समयमा अति उच्च जोखिममा रहेका स्थानहरुमा घर सफा गर्ने, मर्मत गर्ने र पुन सोहि घरमा बस्नेगरी जोखिमयुक्त कार्य गरिरहेको भन्दै नगरपालिकाले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ ।

साथै त्यस्तो काममा नलाग्ने अपिल समेत गरेको छ । मेलम्ची बजार र फट्टेमा २ वटा बेलिब्रिज निमार्णको लागि संघीय सरकारलाई आग्रह गरिएको र स्थायी पुल र्निमाणको लागि अध्ययन भइरहेको समेत अपिलमा उल्लेख गरिएको छ। नगरवासीको जिउधनको सुरक्षा र संरक्षण गर्ने कुरामा नगरपालिकाले कुनै कसर बाँकि नराख्ने भन्दै नगरपालिकाले थप काम गर्नुपर्ने भएमा सम्बन्धि व्यक्ति, समुहहरु स्वयं नगरपालिका आएर छलफलका माध्यमबाट समस्याको समाधान गर्न समेत नगरपालिकाले अपिल गरेको छ ।

# उपत्यकामा २७ गतेसम्म निषेधाज्ञा थप



**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा तालिम सेमिनार, बैठक तथा गोष्ठी भर्चुअलका माध्यमबाट मात्रै सञ्चालन गर्नुपर्ने गरी उपत्यका प्रशासनले निषेधाज्ञाको आदेश जारी गरेको छ। कोभिड-१९ को संक्रमण बढ्न थालेकाले साउन २१ देखि २७ गतेसम्म थपिएको निषेधाज्ञामा प्रत्यक्ष सहभागी भएर गरिने यस्ता कार्यक्रममा रोक लगाइएको हो ।

यसअघि गोष्ठी, तालिम, सेमिनार, बैठक तथा प्रशिक्षणजस्ता कार्यक्रम उपस्थित भएरै गर्नुपर्ने भएमा २५ जनाभन्दा बढी नहुने गरी सञ्चालन गर्न अनुमति दिइएको थियो । कोभिड-१९ का बिरामीको संख्या वृद्धि हुन थालेपछि यस्ता भीडभाडजन्य गतिविधि रोक्न कार्यक्रम भर्चुअलका माध्यमबाट गर्न भनिएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले बताए ।

मापदण्ड उल्लंघन हुँदा जोखिम बढ्न थालेको उपत्यका प्रशासनको निर्ष्कष छ । उपत्यकाको तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) का प्रमुख जिल्ला अधिकारीसहित मंगलबारको बैठकले उक्त आदेश जारी गरेको हो ।

आदेशमा कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्कमा रहेका व्यक्तिलाई नेपाल सरकारले निःशुल्क व्यवस्था गरेको एन्टिजेन तथा पिसिआर परीक्षणका लागि सम्बन्धित स्थानीय तह, जिल्ला अस्पतालसँग सम्पर्क गरी परीक्षण गराउन र भीडभाडबाट बच्न अनुरोध गरिएको छ । स्वास्थ्यको मापदण्ड पूर्णपालना गर्न पनि अनुरोध गरिएको छ। त्यसका लागि सुरक्षा निकायबाट अनुगमन गरिने र अनुगमनका क्रममा अवज्ञा गरेको पाइएमा कोभिड-१९ सङकट व्यवस्थापन अध्यादेश २०७८ अनुसार कारवाही हुने चेतावनी दिइएको छ ।

जारी आदेशमा सबै प्रकारका सभा, सम्मेलन, पार्टी प्यालेस, सिनेमा हल, डान्सबार, नाचघर, स्वीमिङ पुल, मनोरञ्जनस्थल, सङ्ग्रहालय, रङ्गशालामा हुने दर्शकसहितका खेलकूद तथा मानिसको भीडभाड हुने अन्य कार्यक्रम गर्न/गराउन नपाइने विगतको व्यवस्थालाई कायम राखिएको छ ।

यस्तै खुला स्थानमा मानिस भेला हुन, सभा/जुलुस गर्न, जात्रा महोत्सव, भोजभतेर आदि गर्न/गराउन नपाइने तथा नित्य पूजाबाहेकका धार्मिक एवं सांस्कृतिक कार्यक्रम, भौतिक उपस्थितिमा हुने पठनपाठनका पनि गर्न नपाइने आदेशमा उल्लेख छ । औषधि तथा स्वास्थ्यसम्बन्धी पसल भने जुनसुकै बेला खोल्न सकिने छ तर अन्य पसल, व्यवसाय भने साँझ ७ बजेसम्म मात्रै खोल्न पाइने छ ।

### कञ्चनपुरमा सवारी दुर्घटना

# ज्यान गुमाउने घटे, गम्भीर घाइते हुने बढे

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, १९ साउन

कञ्चनपुरमा सवारी दुर्घटनामा परी ज्यान गुमाउनेको संख्या घटेको छ । मृत्यु हुनेको संख्या घटे पनि सवारी दुर्घटना र गम्भीर घाइत हुने संख्या भने ह्वात्तै बढेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय कञ्चनपुरको तथ्यांक अनुसार पछिल्ला तीन वर्षमा मृत्यु हुनेको संख्या घटेको हो । तीन वर्षमध्ये पछिल्ला दुई वर्षमा दुर्घटनामा मृत्यु हुने बराबर छन् ।

गत आर्थिक वर्ष २०७७/०७८ मा सवारी दुर्घटनामा परी ३३ जनाको ज्यान गएको छ । अघिल्लो वर्ष भने ३२ जनाले ज्यान गुमाएका थिए । आर्थिक वर्ष २०७५/०७६ मा ४५ जनाले सवारी दुर्घटनामा परी ज्यान गुमाएको ट्राफिक प्रहरी कार्यालयको तथ्यांकमा छ । आर्थिक वर्ष २०७५/०७६ को तुलनामा गत आर्थिक वर्षमा सवारी दुर्घटनामा ज्यान गुमाउने संख्या १२ जना कम देखिएको छ । यस अवधिमा सवारी दुर्घटना र गम्भीर घाइते हुनेको संख्या हवात्तै बढेको छ ।



अघिल्लो वर्षको तुलनामा गत वर्ष गम्भीर हुने संख्या चार गुणा बढेको छ । गत वर्ष ८७ र अघिल्लो वर्ष २२ जना गम्भीर घाइते भएका थिए । त्यस अघि २०७५/०७६ मा ८ जना गम्भीर घाइते भएका थिए ।

दुर्घटनामा आर्थिक वर्ष २०७५/०७६ मा १४, २०७६/०७७ मा ११ र २०७७/०७८ मा ६० जना समान्य घाइते भएका छन् । त्यस्तै गत वर्ष ९७ सवारी दुर्घटनामा परेका छन् । त्यसअघि अघिल्लो वर्ष दुर्घटनाको संख्या ५४ थियो । तीन वर्ष अघि यो संख्या ६८ थियो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कञ्चनपुरका इन्चार्ज प्रहरी निरीक्षक हेमराज भट्टले सवारी चालकको समान्य कमजोरीले पनि सवारी दुर्घटना हुने गरेको बताए ।

'सवारी चालक, सवारी साधन, ट्राफिक नियम उल्लंघन, सडकको अवस्था लगायतका धेरै कारणले दुर्घटना हुन्छ' उनले भने, 'यसमा पनि चालकले सवारीको लुकिङ ग्लास समेत नहेर्दा पनि दुर्घटना भएका छन्, यस्ता समान्य कमजोरी पनि अहिले दुर्घटनाका कारक बनेका छन् ।'

ट्राफिक इन्चार्ज भट्टले चालकलाई सवारी रुट प्रयोग सम्बन्धी जानकारी नहुँदा पनि दुर्घटना हुने गरेको देखिएको बताए । 'कतिपयलाई त बाटोमा कसरी हिँडने भन्ने पनि थाहा हुँदैन' उनले भने, 'ट्राफिक नियम सम्बन्धी सबै जानकारी भए दुर्घटना कम हुन्छ ।'

कार्यालयका अनुसार सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएका छन् । त्यसमा सबैभन्दा बढी मानिसको ज्यान गएको हो । मोटरसाइकल चढ्नेको संख्या वर्षेनी बढ्दो क्रममा छ ।

सवारी दुर्घटनामा अटो र ई रिक्सा पनि थपिएका छन् । बढ्दो सवारी साधनसँगै सञ्चालनमा आएका अटो र इ रिक्साले पनि दुर्घटना गराएका छन् । ट्राफिक प्रहरी कार्यालयले दुर्घटना नियन्त्रणका लागि ट्राफिक नियम पालना, सवारी जाँच, सडकमा सुरक्षा उपकरण राख्ने र सडक सुरक्षा सम्बन्धी जनचेतना फैलाउने कार्यक्रम गरेको छ । 'ट्राफिक कार्यालयले चालकलाई ट्राफिक नियम पालना गराएर सवारी दुर्घटनामा नियन्त्रण गर्ने हो,' उनले भने, 'त्यसका लागि नियम पालना गराउने, सडकमा डिभाइडर राख्ने, जनचेतना मुलक कार्यक्रम गर्ने लगायतका कार्य गर्दै आएका छौं ।' सवारी चालकलाई ट्राफिक नियम सम्बन्धी जानकारी नभएकाले जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको इन्चार्ज भट्टले बताए ।

ट्राफिक प्रहरी कार्यालयले नयाँ सवारी अनुमति पत्र लिने व्यक्तिका लागि कक्षा सञ्चालन गरी नियम सम्बन्धी जानकारी दिने गरेको छ । इन्चार्ज भट्टले यातायात व्यवस्था कार्यालयसँग समन्वय गरी कक्षा सञ्चालन गरेका छन् । उनी गत असोजदेखि ट्राफिक प्रहरी कार्यालयको इन्चार्ज छन् ।

**तेस्रो ...**

जसपाले पार्टीहित बिपरीत ३ सांसदलाई गत शुक्रबार निलम्बन गरेपछि प्रदेशसभामा ८० जना सांसद संख्या कायम भएको छ ।

सरकारका लागि अब ४१ सांसदको समर्थन चाहिन्छ । तर, अहिले एमालेसँग भने ३९ मात्रै सांसद छन् । मुख्यमन्त्री पोखरेलले भने जसपाको यादव पक्षले सांसद पद निलम्बन गरेका तीन सांसदलाई सर्वोच्चमा पठाएर पुनः फर्काउने र त्यसपछि मात्रै विश्वासको मत लिने तयारीमा थिए, पोखरेल ।

विपक्षीले भने शनिबार नवनियुक्त प्रदेश प्रमुख अमिक शेरचनलाई बहुमतको सरकार गठन गर्न निवेदन दिइसकेका छन् । प्रदेश प्रमुखलाई दबाबका लागि निवेदन दिएपनि त्यसबाट निकास ननिस्किने भएपछि विपक्षी गठबन्धनले संसदमा अविश्वासको प्रस्ताव दर्ता गरेर अर्को बाटो रोजेको छ ।

**सरकारको ...**

हो। झण्डै १५ प्रतिशतमा सीमित गर्ने भनिएको विद्युत् चुहावट बढेर १७ प्रतिशतको हाराहारीमा पुगेको छ। अधिकांश निर्माणाधीन प्रसारण लाइनको काम उस्तै हालतमा रहेको छ ।

देशभित्र उत्पादित बिजुली खपत गर्नेतर्फ ध्यान नदिई आयातमा मात्रै ध्यान दिइएको भन्दै मन्त्रालयले प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसँग किन त्यस्तो भएको हो भन्नेबारेमा जानकारी लिएको थियो । शाक्यको कार्यमा सुधार नदेखिएपछि सोबारे प्रधानमन्त्री देउवालाई ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले जानकारी गराएका थिए ।

सरकारले गोरखापत्र संस्थानका अध्यक्ष कृष्णमुरारी भण्डारी र सम्पादक सल्लाहकार गोपाल खनालको राजीनामा समेत स्वीकृत गरेको छ। ओलीको पक्षमा सामाजिक सञ्जालमा बलियो समर्थन गर्ने, तर बाँकी नेताहरुविरुद्ध जथाभावी लेख्ने नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक गुरुप्रसाद भट्टराईसँग पनि सरकारले स्पष्टिकरण सोधेको छ ।

**अक्षरमा....**

शिलापत्र बनाएको छु। तर जिन्दगी कहिल्यै उँभो नलाग्ने भयो", चौधरी भन्छन्। हुन पनि यो उमेरमा आएर उनलाई संकट थपिएको छ। "खर्च बढेको छ। प्रविधिले पेशा संकटमा छ", चौधरीको चिन्ता छ ।

**यूएईमा...**

नवीकरण गर्नुपर्ने वा नयाँ लिनुपर्नेहरुले कोरोना विरुद्धको खोप लिई नसकेको अवस्थामा कोरोना भाइरस भ्याक्सिन सम्बन्धी स्वास्थ्य तथा जनासंख्या मन्त्रालयको वेबसाइटमा गएर प्री-इनरोलमेन्ट फारम भरी खोप लगाई क्यूआर कोडसहितको खोप प्रमाणपत्र लिनुपर्ने दूतावासको भनाइ छ ।

उता साउदी सरकारले आइतबारदेखि पर्यटक भिसा वाहकलाई प्रवेश गर्न दिने निर्णय गरेको छ। साउदीले आफ्नो मुलुकले मान्यता दिएका कोरोनाविरुद्धको खोप लगाएका पर्यटकहरुलाई अगस्ट १ देखि प्रवेश अनुमति दिएको बताएको छ। साउदी अरबले अस्ट्राजेनेका, फाइजर, जोन्सन एण्ड जोन्सन र मोडर्नाका खोपलाई मान्यता दिएको छ ।

**इजरायल...**

आवेदकहरुले आफ्नो यूजर आइडी राहदानी नम्बर र पासवर्ड प्रयोग गरी आफ्नो विवरणहरू रुजु गर्नुपर्ने भन्दै विभागले विवरण नभेटिएमा पुनः नयाँ दर्ता गर्नुपर्ने बताएको छ। नयाँ दर्ता गर्दा प्राप्त हुने रजिस्ट्रेशन नम्बर नै निवेदकको रजिस्ट्रेशन नम्बर कायम हुने पनि विभागले बताएको छ ।


**साउदीमा रोजगार** | कम्पनी: ENERGY EQUIPMENT RENTAL CO. LTD. शहर: DAMMAM

पूर्व स्वीकृत मिति: [illegible] चलानी नं.: [illegible] L.T. No.: 243154

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Industrial Labour | 10 | 0 | [illegible] | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २७ गते (11 Aug. 2021) मा हुनेछ ।

[illegible]

**माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.**
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com



**SAUDI ARABIA मा रोजगार** Al Houssain & Al Afaliq Co.

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 01 | [illegible] | 1000 | ३१,७८२।- |
| 2. | Concrete Product Making Labor | 01 | [illegible] | 1000 | ३१,७८२।- |
| 3. | Concrete Mixer Operator | 01 | [illegible] | 2500 | ७९,४३०।- |
| 4. | Truck Driver | 03 | [illegible] | 1800 | ५७,१९८।- |

अन्तर्वार्ता २०७८ साउन २७ गते (Aug. 11, 2021) [illegible]

**अराउण्ड द वर्ल्ड सर्भिसेज प्रा. लि.**
कुलेश्वर, काठमाडौं फोन: ४२७२०८०, ४३०१३२१, फ्याक्स: ४२७२०८२



**UAE को प्रतिष्ठित कम्पनीमा PSBD Security Guard हरूको आबश्यकता**

शनिबार पनि कार्यालय खुला रहने छ ।

कम्पनी: STAR SECURITY SERVICES LLC शहर: UAE, Dubai

पूर्व स्वीकृत मिति: २०७८/०४/१९ चलानी नं.: ६०१६१०१९ L.T. No.: 241932

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PSBD Security Guards | 200 | 0 | स. काममा दक्ष | 2000 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ४0 बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता : १. सुनसरी, ईटहरी, होटल ईन टुरिस्ट मा २०७८ साउन २७ गते (11 Aug. 2021) मा हुनेछ ।
२. काठमाडौं, सामाखुसी, रानीबारी चोक, काठमाडौं कार्यालयमा २०७८ साउन २७ गते (11 Aug. 2021) मा हुनेछ ।
३. चितवन, भरतपुर, होटल रेड कार्पेटमा २०७८ साउन २८ गते (12 Aug. 2021) मा हुनेछ ।
४. कास्की, पोखरा, विश्राम रेष्ट्रो एण्ड ए.एम.पि. बारमा २०७८ साउन २९ गते (13 Aug. 2021) मा हुनेछ ।
५. काठमाडौं, सामाखुसी, रानीबारी चोक, काठमाडौं कार्यालयमा २०७८ साउन ३0 गते (14 Aug. 2021) मा हुनेछ ।
६. झापा बिर्तामोड, होटल मुन टावरमा २०७८ साउन ३१ गते (15 Aug. 2021) मा हुनेछ ।
७. चितवन, भरतपुर, होटल रेड कार्पेटमा २०७८ साउन ३२ गते (16 Aug. 2021) मा हुनेछ ।
८. रूपन्देही, बुटवल, पेपरोनी रेस्टुरेन्टमा २०७८ साउन ३२ गते (16 Aug. 2021) मा हुनेछ ।
९. काठमाडौं, सामाखुसी, रानीबारी चोक, काठमाडौं कार्यालयमा २०७८ भदौ १ गते (17 Aug. 2021) मा हुनेछ ।
१०. बाँके, नेपालगञ्ज, स्वष्टिक कटेजमा २०७८ भदौ १ गते (17 Aug. 2021) मा हुनेछ ।

श्रम इजाजत नं. १३२४/०७४/०७५

**STARIS HR SERVICES PVT. LTD.**
(TRANS ASIA INTERNATIONAL PVT LTD)
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203
CONTACT NO. 9851176848, 9851172289, 9844479079, 9801458705, 9818414783, 9855019595, 9858022551, 9804417004, 9851320076, 9827163906

# सुजाता कोइराला सभापतिमा लड्ने !

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ साउन



नेपाली कांग्रेसकी नेतृ सुजाता कोइरालाले आसन्न महाधिवेशनमा आफू नेपाली कांग्रेसको सभापतिमा लड्ने संकेत गरेकी छन्। महाधिवेशन निजिकिँदै जाँदा कांग्रेसमा सभापतिका आकांक्षीहरु बढ्दै गएका छन्। सोही समयमा नेतृ कोइरालले आफु सभापतिमा लड्ने संकेत गरेकी हुन्।

उनले मध्यान्ह दैनिकसँगको कुराकानीमा बिपी र गिरिजाप्रसादको सपना साकार पार्न आफू नेतृत्वमा आउनु पर्ने बताएकी हुन्। कांग्रेससको नेतृत्व आफुले लिए पार्टीले गति लिने उनको दाबी छ।

यतिबेला कांग्रेसभित्र सभापतिका आकांक्षीहरू पनि बढ्दै गएका छन्। बिमलेन्द्र निधि, डा शशांक कोइराला, प्रकाशमान सिंह र पछिल्लो समय गोपालमान श्रेष्ठले उम्मेदवारी दिने बताउँदै आएका छन्।

गिरिजा पुत्री सुजाताले २१औँ शताब्दीमा विश्वका धेरै मुलुकमा महिलाले नेतृत्व लिइसकेको अवस्थामा देशकै पुरानो र लोकतन्त्रवादी दलको नेतृत्वमा महिला आउन जरुरी भइसकेको बताइन्।

उनले भनिन्, 'अब दलमा महिलाको भूमिकालाई बढाउनै पर्छ। त्यसैका लागि नेतृत्व लिन म अग्रसर भएकी हुँ। मेरो प्राथमिकता महिलालाई राजनीति र पोलेसी मेकिङ तहमा पुऱ्याउने हुनेछ, लोकतन्त्रवादी शक्ति कमजोर हुँदाका बेथिति सबैले देखेकै छौँ। यो अवस्थामा मैले उम्मेदवारी दिने तय गरेकी हुँ। आफ्नो परिवारभित्रका सबैबाट पूर्ण साथ र सहयोग पाउनेमा म विश्वस्त छु।'

नेतृ कोइरालाले आफूले लोकतन्त्र बलियो बनाउने एजेण्डा पनि प्रस्तुत गरिन्। आफू नेतृत्वमा आएमा लोकतन्त्रमा कहिल्यै कसैसँग सम्झौता नगर्ने योजना पनि उनले सुनाइन्। आफ्नो उम्मेदवारीलाई आगामी स्थानीय, प्रदेश र संसदीय चुनावसँग पनि उनले जोडेकी थिइन्। आगामी चुनावमा कांग्रेसले विगतमा गुमाएको वर्चस्व फिर्ता ल्याउन पनि उम्मेदवारी दिन लागेको उनको तर्क छ।

# मनाङमा १८ वर्षमाथिका सबैले लगाए कोभिडविरुद्धको खोप

**नवीन लामिछाने/रासस**
मनाङ, १९ साउन



मनाङका १८ वर्षमाथिका सबै नागरिकले कोभिड-१९ विरुद्धको खोप दुवै मात्रा लगाएका छन्।

अठार वर्षभन्दा माथिका सबै नागरिकलाई खोप लगाइएको स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले जानकारी दिए। अठार वर्षमाथिका सबैलाई कोभिडविरुद्धको खोप लगाउने पहिलो जिल्ला मनाङ बनेको छ।

उनका अनुसार जिल्लाका चार हजार १९८ नागरिकलाई कोभिडविरुद्धको खोप लगाइएको छ। तीमध्ये एक सय ६५ जनाले कोभिशिल्डको दोस्रो खोप लगाउन बाँकी रहेको आचार्यले बताए।

मनाङमा दुई हजार ९६ जनाले एस्ट्राजेनेकाको कोभिशिल्ड खोप, दुई हजार २७ जनाले जोन्सन एण्ड जोन्सनको खोप र ७५ जनाले भेरोसेलको पूर्ण खोप लगाएको आचार्यले बताए।

स्वास्थ्य कार्यालयले मनाङमा खोप लगाउन योग्य नागरिक छ हजार २०० रहेको बताएको थियो। अन्य नागरिक कामको सिलसिलामा देशविदेशमा रहेकाले खोप लगाउने नागरिकको संख्या चार हजार १९८ रहेको आचार्यले जानकारी दिए।

जिल्ला बाहिर रहेका नागरिक आएमा उनीहरुलाई पनि स्वास्थ्य कार्यालयले खोप उपलब्ध गराउने व्यवस्था गरेको उनले बताए। देशैभर खोपको अभाव रहेको अवस्थामा खोप लगाउन पाउँदा खुशी लागेको पर्यटन व्यवसायी विनोद गुरुङ बताउँछन्।

उनका अनुसार नागरिकले कोभिड-१९ को संक्रमण जोखिममा खोप लगाउन पाएकोमा सुरक्षित महसुस गरेका छन्।

प्राकृतिक विपद् र विश्वव्यापी महामारीले मानवीय क्षति हुन नदिन दुर्गम जिल्ला मनाङलाई मागअनुसारको खोप उपलब्ध गराएको गण्डकीका स्वास्थ्यमन्त्री मधुमाया अधिकारी गुरुङले बताइन्।

'प्रदेशका सबै जिल्लामा कोभिडविरुद्धको पूर्ण मात्रा खोप पुऱ्याउने लक्ष्य हो, तर विकट जिल्ला मनाङलाई प्राथमिकतामा राखी खोप उपलब्ध गरायौँ, अन्य जिल्लालाई पनि पूर्णरुपमा खोप उपलब्ध गराउने कसरतमा छौँ।'

'विपद् सँगसँगै कोभिडको जोखिमबाट बचाउनका लागि दुर्गम जिल्ला मनाङका नागरिकलाई खोप लगाउन सफल भएका छौँ', नासों गाउँपालिकाका अध्यक्ष चन्द्र घलेले भने, 'स्थानीय तहको समन्वयमा प्रदेश सरकार र संघ सरकारले दुर्गम जिल्लालाई प्राथमिकता दिएर खोप उपलब्ध गराएकोप्रति आभार व्यक्त गर्दछु, जसले आमनागरिकलाई सुरक्षित बनाएको छ।'

मनाङमा बाढीपहिराको जोखिममा रहेको अवस्थामा कोभिडविरुद्धको खोप ढुवानीका लागि नेपाली सेनाले सहयोग गरेको थियो। आचार्यका अनुसारमा मनाङमा गत माघ १४ गतेदेखि खोप लगाउने अभियान शुरु भएको थियो।

# काठमाडौं महानगरले वार्षिक कार्ययोजना तयार गर्दै

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले चालू आर्थिक वर्षका लागि यही साउन मसान्तभित्र वार्षिक कार्ययोजना तयार पार्ने भएको छ।



शहरी योजना आयोगमार्फत चालू आवका लागि नगरसभाबाट स्वीकृत वार्षिक नीति र यसका आधारमा पारित भएको बजेट तथा कार्यक्रमलाई कार्ययोजनाको ढाँचामा विभागलाई पठाइसकेको छ।

सबै विभागले साउन २१ गतेभित्र वार्षिक कार्ययोजना तयार पारेर फिर्ता पठाउनुपने छ। जसमा मुख्य जिम्मेवारी, सहायक जिम्मेवारी, समयावधि, अनुगमन सूचकसहितका बुँदाका आधारमा निर्माण हुने कार्ययोजनामाथि विभागस्तरीय छलफल गरेपछि साउन मसान्तभित्र प्रमुख प्रशासकीय अधिकृत र विभागीय प्रमुखहरूबीच कार्य सम्पादन सम्झौता हुनेछ। कामपामा हाल १३ वटा विभाग रहेको छ।

'वार्षिक कार्ययोजना चालू आवका लागि मात्र सम्बन्धित हुँदैन। यसले आउँदो वर्षमा तर्जुमा गरिने कार्यक्रमलाई पनि सघाउ पुऱ्याउँछ' शहरी योजना आयोगका उपाध्यक्ष सरोज बस्नेतले भने।

नगरसभाबाट स्वीकृत भएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि नगर प्रमुखले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र बिभागीय प्रमुखहरूलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने कानूनी व्यवस्था छ। यसरी प्रत्यायोजित अधिकारको प्रयोग गरेर विभागले कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

# शान्ति सैनिकको अदलीबदली



**काठमाडौं/मस-** संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ दक्षिण सुडानमा तैनाथ कालीध्वज गण १० औँ डफ्फालाई बदली गर्न प्रमुख सेनानी शिखर जबराको नेतृत्वको टोली त्यसतर्फ प्रस्थान गरेको छ।

श्रीजंग गण ११ औँ डफ्फाको २३३ नेपाली शान्ति सैनिकमार्फत मिशन इलाकातर्फ प्रस्थान गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। दक्षिण सुडानमा आफ्नो कार्यकाल समाप्त गरी नेपाली शान्ति सैनिकको पहिलो, दोस्रो र अन्तिम टोली क्रमशः २०, भदौ ९ र ३० गते स्वदेश आइपुग्ने कार्यक्रम छ।

कोभिड-१९ महामारीका बाबजुद शान्ति स्थापना कार्यलाई निरन्तरता दिने नीतिअनुरूप गरिएको अदलीबदलीको दौरानमा सम्पूर्ण सुरक्षा सतर्कता तथा कोभिड-१९ को स्वास्थ्य मापदण्ड पूरा गरिएको सेनाले जनाएको छ।

# ढुंगा लागेर सह–चालकको मृत्यु



**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १९ साउन

पाल्पाको तिनाउँ गाउापालिका ३ माथिल्लो सिद्धबाबा मन्दिर नजिकै माथिबाट खसेको ढुंगा लागेर जीपका सह-चालकको मृत्यु भएको छ। पाल्पाबाट बुटवलतर्फ जादै गरेको लु २ च ७३८७ नम्बरको पिकअप जीपमा सोमबार राति ८ बजे माथिबाट एक्कासी खसेको ढुंगा लागेर सह-चालक स्याङ्जा वालिङ नगरपालिका ११ बस्ने वर्ष २३ का आशिष खाँणको मृत्यु भएको हो।

घाइते सह-चालक खाँणलाई उपचारका लागी लुम्बिनी प्रादेशिक अस्पताल बुटवल लगिएकोमा अस्पतालका डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सुचना अधिकारी प्रहरी नायव उपरीक्षक रामेश्वर त्वातीले जानकारी दिए।

जीपका चालक चापाकोट नगरपालिका ५ बस्ने डिलु थापा घाइते भएका छन्। प्रहरीका अनुसार उनको अवस्था सामान्य रहेको बुझिएको छ।

# नुवाकोटको किस्पाङ गाउँपालिकाका कृषकलाई पशु सुत्केरी भत्ता

**नुवाकोट डायरी**
**दिवस ढकाल/मध्यान्ह**

नुवाकोटको किस्पाङ गाउँपालिकाले पशु सुत्केरी भत्ता वितरण अभियान शुरु गरेको छ। कृषकलाई पशुपालन व्यवसायमा प्रोत्साहित गर्दै दूध उत्पादनमा वृद्धि गर्ने उद्देश्यले गाउँपालिकाले पशु सुत्केरी भत्ता वितरण अभियान गरेको हो।

यो अभियान निक्कै प्रभावकारी भएको गाउँपालिकाका प्रमुख छत्रबहादुर लामाले बताए। गाउँपालिकाले पहिलो बेदको सुत्केरी पशुलाई ५ हजार तथा दोस्रो बेद र त्यसपछिका सुत्केरी पशुलाई ३ हजार भत्ता दिँदै आएको छ। पहिलो बेदमा जन्मिएको पाठी उही कृषकले पालनपोषण गरेर सुत्केरी भएको छ भने पालिकाले २० हजार सुत्केरी भक्ता दिने गरेको पालिका प्रमुख लामाले जानकारी दिए।

दूध उत्पादनलाई प्राथामिकतामा राखी पशु सुत्केरी भक्ताको समेत व्यवस्था गरेपछि अहिले झण्डै ५० जना कृषकले व्यावसायीकरूपमा पशुपालन गरी मासिक ३०र४० हजारसम्म आम्दानी गरिरहेको उनको भनाइ छ। तीन वर्षअघि गाउँपालिकाले दलित तथा एकल महिलालाई प्राथमिकतामा राख्दै ४० जनालाई पशुपालन व्यवसायका लागि ४० हजार रुपियाँ अनुदान सहयोग गरेको थियो। अहिले पनि पशुपालन व्यवसाय गर्न चाहने किसानलाई पालिकाले गाई तथा भैंसी खरिदका लागि ५० प्रतिशत अनुदान सहयोग गर्दै आएको छ। गाउँपालिकाकै पहलमा वडा नम्बर ३ काहुलेमा दुग्ध सङ्कलन केन्द्रसमेत स्थापना भएको छ। सहकारी संस्थामार्फत स्थापना भएको दुग्ध सङ्कलन केन्द्रले दुग्धजन्य उत्पादनको बजारीकरणसमेत गर्दै आएको छ। शुभ नवबिहानी सहकारी संस्थाको पहलमा तीन वर्षअघि स्थापना भएको दुग्ध सङ्कलन केन्द्रलाई गाउँपालिकाले अहिलेसम्म १५ लाख रुपियाँ लगानी गरेको छ भने वल्ड रिनो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले स्थानीय नारी जागरण संस्थामार्फत करिब ३५ लाख रुपियाँ सहयोग गरेको छ। पालिका र गैरसरकारी संस्थाले सहयोग गरेको रकम दुग्ध सङ्कलन केन्द्रका लागि आवश्यक पर्ने मेसिन औजारमा खर्च गरिएको दुग्ध संकलन केन्द्रका अध्यक्ष छेत्र तमाङले बताए। दुग्ध सङ्कलन केन्द्रमार्फत किस्पाङ गाउँपालिकाबाट वार्षिक १ करोडभन्दा बढी मूल्यको दुग्धजन्य पर्दाथहरु अन्यत्र निकासी हुँदै आएको उनले बताए। दैनिक ५ सय लिटरसम्म दुध सङ्कलन हुने केन्द्रले अहिले दही, पनिर जस्ता दुग्धजन्य पर्दाथ उत्पादन गरी काठमाडौंमा बिक्री-वितरण गर्दै आएको छ। कोरोना संक्रमण अघि केन्द्रले दैनिक १ हजार लिटरसम्म दूध सङ्कलन गर्दै आएको थियो।

दुग्ध सङ्कलन केन्द्रले समेत नेपाल रेडक्रस सोसाइटीको सहयोगमा जीविकोपार्जन कार्यक्रमअर्न्तगत पालिकाका २८ जना कृषकलाई गाई खरिदका लागि ४० हजार रुपियाँ अनुदान सहयोग गरेको अध्यक्ष तमाङले बताए। दुग्ध सङ्कलन केन्द्रमा नियमित दूध ल्याउने कृषकले मासिक २र३ हजारदेखि ६२ हजारसम्म लाने गरेको उनी बताउँछन्।

दुग्ध उत्पादन वृद्धि तथा पुशपालक कृषकलाई प्रोत्साहित गर्न पशु आहार व्यवस्थापनका लागि बीउ वितरण गरी बहुवर्षे घाँसहरुको विकास गर्न थालिएको पालिका अध्यक्ष लामाले जनकारी दिए। पशुको सुरक्षाका लागि पशु सुत्केरी भक्ता, पशुको स्वास्थ्यका लागि विशेष सहयोग, घाँस उत्पादनका लागि बीउ वितरण जस्ता कार्यक्रमले कृषकहरु उत्साहित बनेको गाउँपालिकाले जनाएको छ।

कोरोना संक्रमणअघि किस्पाङका धेरै किसान पशुपालन व्यवसायमा आबद्ध रहेका थिए। कोरोना संक्रमणपछिको लकडाउनले कतिपय किसान व्यवसाय परिर्वतन गर्न बाध्य बनेको पालिका प्रमुख लामाको भनाइ छ। पालिकाले सहयोग गरेका किसानमध्ये अहिले पनि ७५ प्रतिशत किसान पशुपालन व्यवसायमा संलग्न रही राम्रो आम्दानी गरिरहेको लामाले बताए।

## कागतीको विरुवामा भ्रष्टाचार गरेको भन्दै विदुर नगरपालिकामा तोडफोड




नेपाली कांग्रेसले कागतीका नाममा भएको भ्रष्टाचारको विरोध गर्दै नगरपालिकाको कार्यालयमा तोडफोड गरेको छ। नेपाली कांग्रेसले विदुर नगरपालिकाको वडा नम्बर १३ मा भएको कागतीको भ्रष्टाचारको विरोधमा प्रदर्शन गर्दै नगरपालिकाको कार्यालयमा तोडफोड गरेको छ। विदुर नगरपालिकाले कागतीको बेर्नाका नाममा लाखौं रूपैयाँ भ्रष्टाचार गरेको आरोप लागेको छ।

एउटा सहकारीसँग मिलेर नगरपालिकाको नेतृत्वले कागतीको बेर्ना ढुवानीमा गाडी भाडामा लिने काम देखिनै अनियमितता गरेको कांग्रेसको आरोप छ। पाँच वटा बेर्ना पाएका कतिपय किसानको भरपाइमा भने ५०० बेर्ना उल्लेख गरेको पाइएको छ। नगरको नेतृत्वको पहिलेदेखिकै समस्या रहेको भन्दै कांग्रेसबाट निर्वाचित भएका वडा अध्यक्षहरूले आन्दोलन गर्दै आएका छन्।

# तीन हजार ३८३ मा कोरोना पुष्टि

**काठमाडौं/मस-** नेपालमा गएको २४ घन्टामा तीन हजार ३८३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार मंगलबार १६ हजार ७१८ जनामा परीक्षण गर्दा तीन हजार ३८३ जनामा संक्रमण देखिएको हो।


साउदीमा रोजगारको अवसर | ISTANSOU CAFE TO SERVE DRINKS
Riyadh
LT.No.: 243121

| | | | | | |
|---|---|---|---|---|---|
| 1. | Coffee & Tea Maker | 1 | 0 | 1500 | छ |

(11 August 2021)

लक्की एच.आर. सोलुसन प्रा. लि.
Email- info@merocvs.com / info@luckyhrsolution.com



## Shadananda Municipality
## Office of Municipality Executive

**Dingla, Bhojpur**
**Province No. 1, Nepal**

**PROCUREMENT AND SUPPLY OF STATIONARY AND MISCELLANEOUS ITEMS**

**Contract Identification No: Shadmun/G/SQ/02/078/79**
**First Date of publication: 2078-04-20**

1. Shadananda Municipality invites electronic sealed Quotation from Nepalese eligible bidders for the Supply and delivery of Stationery and Office Miscellaneous items at Shadananda Municipality, Dingla, Bhojpur.

| S.N. | Contract No. | Description of work | Last Date of Bid Submission | Bid Opening Date and Time | Bid document fee (Non-refundable) | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|---|
| 1 | Shadmun/G/SQ/02/078/79 | Procurement and supply of Stationary and Miscellaneous Items | 19th Aug 2021, 12:00 Hrs | 19th Aug 2021, 14:00 Hrs | Nrs. 1000/- | 29,650/- |

2. Eligible Suppliers may obtain further information, inspect about the Sealed quotation forms and must submit their quotation electronically from PPMO's website. For more information contact at the office of Shadananda Municipality, Dingla, Bhojpur, Phone: 029-421125, email: shadanandanagarpalika@gmail.com, ito.shadanandamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.

*Chief Administrative Officer*

## सम्पादकीय

# आवश्यकता कि प्रतिशोध ?

पूर्ववर्ती सरकारले गरेको नियुक्तिहरू धमाधम उल्ट्याउने क्रम शुरू भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले मंगलबार केही राजनीतिक नियुक्ति खारेज गरेका छन् । मन्त्रिपरिषद् बैठकबाट भूमि सम्बन्धी समस्या समाधान गर्न गठित आयोग खारेज गरेको छ । पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कार्यकर्ता भर्ती गर्नेगरी देवीप्रसाद ज्ञवालीको नेतृत्वमा देशभर भूमि आयोगमा नियुक्ति गरेका थिए । तर मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले यो आयोग नै खारेज गरेको छ । देशभर ठूलो संख्यामा गरिएको नियुक्ति बदर हुनेगरी यो आयोग खारेज गरिनु नेकपा एमाले पंक्तिका लागि सुखद् समाचार होइन । भरतपुर महानगरमा मेयर पदमा पराजित ज्ञवालीलाई ओलीले खुशी पार्न आयोगको अध्यक्ष बनाएका थिए ।

भूमि आयोगसँगै सरकारले अन्य नियुक्तिहरू समेत खारेज गर्ने संकेत दिएको छ । नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई राजीनामा गर्न प्रधानमन्त्रीले निर्देशन दिएका छन् । प्रधानमन्त्रीका निर्देशनअनुसार उर्जा मन्त्री पम्फा भुसालले राजीनामा गर्न शाक्यलाई भनिसकेका छन् । शाक्यको ठाउँमा कुलमान घिसिङ ल्याउने तयारी समेत सरकारले गरेको छ । लोडसेडिङ मुक्त गरेका घिसिङले यसअघि चार वर्षे कार्यकाल पूरा गरिसकेका छन् । उनलाई पुनः कार्यकारी निर्देशक नियुक्त गर्न आम पंक्तिले दबाव दिएपनि ओलीले आफू निकट शाक्यलाई नियुक्त गरेका थिए । तर नयाँ सरकार आउनासाथ घिसिङलाई ल्याउनेगरी शाक्यसँग राजीनामा मागिएको छ । घिसिङले नाफामा छोडेको प्राधिकरणमा शाक्य आएपछि घाटामा भएकाले उनीसँग राजीनामा मागिएको मन्त्री भुसालले बताएकी छन् ।

सरकारले गोरखापत्र संस्थानका अध्यक्ष कृष्णमुरारी भण्डारी र सम्पादक सल्लाहकार गोपाल खनालको राजीनामा समेत स्वीकृत गरेको छ । ओलीको पक्षमा सामाजिक सञ्जालमा बलियो समर्थन गर्ने, तर बाँकी नेताहरूविरूद्ध जथाभावी लेख्ने नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक गुरूप्रसाद भट्टराईसँग पनि सरकारले स्पष्टिकरण सोधेको छ । संभवतः उनलाई बर्खास्त गर्ने तयारी हो, यो । सरकारले स्पष्टिकरण चित्तबुझ्दो नभएको भन्दै भट्टराईलाई बर्खास्त गर्न सक्छन् । यस्ता अनेक राजनीतिक नियुक्ति उल्ट्याउने संभावना देखिएको छ । किनकि ओलीको बहिर्गमन र देउवाको प्रधानमन्त्री नियुक्ति सहज रूपमा भएको होइन । तर चिन्ता भने आवश्यकताका आधारमा यस्ता नियुक्ति गर्ने र आवश्यकताकै आधारमा हटाउने नभएर राजनीतिक प्रतिशोधको खतरा बढी देखिन्छ । ओलीले गलत तरिकाले नियुक्ति दिएका थिए भने पनि योग्य पात्रबारे सरकारले पुनर्विचार गर्न जरूरी छ । मुलुकसँग जोडिएका विषयमा नियुक्तिकै बेला ध्यान पुर्‍याउने, तर प्रतिशोध साध्नेगरी नियुक्ति र बर्खास्त गरिनु उचित हुन्न ।

## सामाजिक सञ्जाल



२१ दिनमा पनि मन्त्रीमण्डल कहिले पुरा हुने ? माकुने गुट सरकारमा आउने/नआउने ? गठबन्धनका साझा एजेन्डा कहिले बन्ने ? दार्चुला घटनामा कहिले बोल्ने ? बाढीपहिरो पीडितलाई व्यवस्थापन कहिले गर्ने ? खोप वितरण व्यवस्थित र झण्झट रहित कहिले हुने ? तेस्रो लहरलाई स्वास्थ्यकर्मी नियुक्ति खै ?

**- च्यवन घिमिरे**



प्राधिकरणका हितेन्द्र देवले राजीनामा दिएर मार्ग प्रस्थान गरून् । प्राधिकरण उनको बाबुको विर्ता होइन । देशलाई घाटा गराएर कार्यदक्षता नभएको यस्तो मान्छेलाई प्राधिकरणले राखिराख्न जरूरी छैन । कमिसन खाएर अनावश्यक देशलाई अंध्यारोमा राख्नेलाई अब बिगो जरिवाना र जनकारबाही गर्नुपर्छ ।

**- कमल पौडेल**



हक्की हरिबोल गजुरेलले बैठकमै भने रे, 'मन्त्री पद नपाए म आत्महत्या गर्छु ।' तै तै माकेले हरिबोलका वचनको परीक्षण गर्नु राम्रो हो । यिनले वचन पूरा गरे कम्युनिष्टको त्यागको इतिहासमा एउटा अनुपम किर्तिमान थपिनेछ, बचन पूरा नगरे यिनको लुब्ध घुर्कीले हावा खानेछ र यी देवघाट चलान हुनेछन् ।

**- खगेन्द्र संग्रौला**



माननीय राज्यमन्त्रीज्यूले सरकारी सुबिधा नलिने घोषणा राम्रो तर, उहाँले आफ्नो सम्पत्तिको वैधता प्रमाणित गरी राज्यलाई दिनुपर्ने कर चुक्ता गर्नु त्योभन्दा असल काम हुनेछ । राज्यको सुविधा लिएर कर तिर्नु दिर्घकालीन रूपमा राज्यलाई फाइदा त छँदैछ । यसो गर्दा उहाँ उदाहरणीय अनुकरणीय हुनुहुनेछ ।

**- कृष्ण अर्याल**



मेरो कुलमानप्रति सम्मान छ । उनी असल व्यक्ति हुन् । लोडसेडिङ अन्त्यको लागी उनको नेतृत्वमा प्राधिकरणले आयात नै गरेर भए पनि हटायो । कुलमानलाई भगवान नबनाऔं, प्राधिकरणले गर्नुपर्ने धेरै काम गर्न सकेको छैन । धेरै काम गर्न नसकिएको पनि छ । काम गर्न प्रेरित गरौं संस्था बलियो भए सबैको राम्रो हो ।

**- सुजन खनाल**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# दार्शनिक प्रणालीभित्र दार्शनिक पक्षधरताको प्रश्न

उत्पादन संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोगको बीचबाट दर्शनको जन्म भएको थियो । मानव समाजको विकासको क्रममा मातृसत्ता समाजको विघटन र पितृसत्ता समाजको स्थापनासँगै दासमालिक समाजको विकास प्रक्रियाका बीचबाट प्राचीन युनान, भारत, नेपाल, चीनमा सँगसँगैजसो दर्शन विकसित हुँदै आएको पाइन्छ ।




● हस्तबहादुर केसी

दार्शनिक फाँटअन्तरगत दार्शनिक प्रणालीभित्र दार्शनिक पक्षधरताको प्रश्न एक महत्वपूर्ण प्रश्न हो । उत्पत्तिसँगै दर्शनले वर्गीय पक्षधरता कायम राख्दै आएको छ । वर्गसमाजमा दर्शनले निश्चित वर्गको पक्षधरता कायम गरेको हुन्छ । मानव समाजमा जब वर्गको जन्म तब दर्शनको पनि जन्म भएको थियो । दर्शन कुनै ठाउँ विशेषको, दर्शन कुनै स्थान विशेषको हुँदैन । त्यो वर्ग विशेषको हुन्छ । अर्थात् दर्शन वर्गीय हुन्छ । यहाँ दार्शनिक प्रणालीभित्र दार्शनिक पक्षधरताको विषयलाई मुख्य विषयसँग अन्तर्सम्बन्धित रहेर यो दार्शनिक आलेख लेख्ने प्रयत्न गरिएको छ । दर्शनको जन्म कहिले भयो ? दर्शन भनेको के हो ? र दर्शनको विकास कसरी भयो ? आदि विषयबाट यो आलेख शुरु गर्ने प्रयत्न गरिएको छ ।

दर्शनको जन्म र विकास कसरी भयो ? भन्ने विषय ज्यादै महत्वपूर्ण प्रश्न हो । उत्पादन संघर्ष, वर्गसंघर्ष र वैज्ञानिक प्रयोगको बीचबाट दर्शनको जन्म भएको थियो । मानव समाजको विकासको क्रममा मातृसत्ता समाजको विघटन र पितृसत्ता समाजको स्थापनासँगै दासमालिक समाजको विकास प्रक्रियाका बीचबाट प्राचीन युनान, भारत, नेपाल, चीनमा सँगसँगैजसो दर्शन विकसित हुँदै आएको पाइन्छ । यसरी दर्शनशास्त्र एक अति प्राचीन विज्ञान हो । दर्शनको शाब्दिक अर्थ कुनै पनि वस्तुलाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने र त्यसलाई बदल्ने साधनको नाम हो । विश्वको उत्पत्ति कसरी भयो ? पृथ्वीमा जीव जन्तु र मानिसको जन्म र विकास कसरी भयो । यी आफैं जन्मिएका हुन कि यीनलाई जन्माउने कुनै ईश्वर वा अलौकिक शक्ति छ ? प्रकृति र समाजको उत्पत्ति कसरी भयो ? भविष्यमा विश्वको स्थिति के होला ? के मान्छेले प्रकृति र समाजवारे सम्पूर्ण ज्ञान प्राप्त गर्न सक्छ ? के मानिस आफ्नो ज्ञान व्यावहारिक क्रियाकलापका आधारमा प्रकृति र समाजलाई बदल्न समर्थ छ ? मानव जीवनका उद्श्ये, आदर्श , कर्तव्य र मूल्य के हुन् ? यी र यस्तै अनेकौं प्रश्नहरुको सही जवाफ खोज्ने मान्छेको जिज्ञासाबृत्तिको उपज र अभिव्यक्ति नै दर्शन हो ।अर्को शब्दमा दर्शन भनेको मानिसको जीवन र जगतलाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने र बदल्ने उसको दृष्टिकोण हो । तसर्थ दर्शन भनेको मान्छेको भित्री आँखा हो । दर्शन भनेको प्रकृति, मानव समाज एवं चिन्तनका चालक नियमहरुको विज्ञान हो । यसले प्रकृति र मानव समाज एवं चिन्तनका ती चालक वा सामान्य नियमहरुको अध्ययन गराएर उसको विश्वदृष्टिकोणको निर्माण गर्दछ । अर्थात् दर्शन भनेको जीवन र जगतको तथा प्रकृति र मानव समाजको एवं चिन्चनका सामान्य नियमहरुको अध्ययन गर्ने एक पद्धति हो । दर्शनले जीवन र जगतको बारेमा बुझ्ने र त्यसलाई बदल्ने तथा बदलिएको बस्तुलाई कसरी संरक्षण गर्ने भन्ने कुरा सिकाउँछ ।

> दर्शन भनेको प्रकृति, मानव समाज एवं चिन्तनका चालक नियमहरुको विज्ञान हो । यसले प्रकृति र मानव समाज एवं चिन्तनका ती चालक वा सामान्य नियमहरुको अध्ययन गराएर उसको विश्वदृष्टिकोणको निर्माण गर्दछ । अर्थात् दर्शन भनेको जीवन र जगतको तथा प्रकृति र मानव समाजको एवं चिन्चनका सामान्य नियमहरुको अध्ययन गर्ने एक पद्धति हो ।



दार्शनिक फाँटका क्षेत्रमा एउटा शास्त्रका रुपमा दर्शन शब्दको पहिलो प्रयोगकर्ता युनानी दार्शनिक पाइथागोरस हुन् । उनले दर्शनलाई बुझाउने फिलोसोफी शब्दको प्रयोग गरेका थिए । फिलोस (प्रेम ) र सोफिया (विवेक) जस्ता शब्दको मिलनबाट फिलोसोफी बन्न पुग्यो, जसको अर्थ विवेक प्रेम हुन्छ । दर्शन शब्द संस्कृत भाषाको 'दृश' धातुबाट बनेको छ । दृशको अर्थ हेर्नु, जाँच्नु र बुझ्नु हुन्छ । मार्क्सवादका प्रनेता कार्ल मार्क्सका अनन्य मित्र फ्रेडरि एंगेल्सले यस प्रकारको दर्शनलाई 'विश्वदृष्टिकोण' भन्नुभएको छ । कार्ल मार्क्सले हरेक साँचो दर्शन आफ्नो समयको 'बौद्धिक सारतत्व', संस्कृतिको जीवन्त आत्मा भन्नुभएको छ । दर्शनशास्त्रको पहिलो ग्रन्थ 'नासदीय सूक्त' हो ।

अब दार्शनिक प्रणालीभित्र पर्ने दार्शनिक पक्षधरताको प्रश्नका बारेमा जानकारी प्राप्त गर्न जरुरी हुन्छ । यहाँनेर हामीले जान्नै पर्ने विषय के हो भने दर्शन सामाजिक चेतनाको एउटा विशिष्ट रुप हो । यसको अर्थ वर्गसमाजमा सामाजिक चेतनाको चेतनाको रुप पनि वर्गीय हुन्छ । ठिक यसै परिणामको कारणले गर्दा दर्शनको रुप पनि वर्गीय हुन्छ । यसबाट हामी यो निष्कर्षमा पुग्दछौ कि वर्गसमाजमा हरेक वर्गले आफ्नो विचार, इच्छा, आकांक्षा, मत, संकल्प, भावना एवं आफ्ना क्रियाकलापको औचित्य पुष्टि गर्न जरुरी हुन्छ । तसर्थ दर्शनले ठिक यसै औचित्य पुष्टि गर्ने काम गर्दछ ।

मानव समाजमा वर्गको जन्म पश्चात् वर्गसंघर्ष चल्दै आएको छ र वर्गको विलोपीकरण, राज्यको विलोपीकरण नभएसम्म वर्गसमाजमा वर्गसंघर्ष जारी रहन्छ । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले यसको वैज्ञानिक रुपमा निरुपण गरिसकेको छ । त्यसैले दर्शनले वर्गसंघर्षमा दृढ पक्षधरताको माग गर्दछ । यो स्वाभाविक रुपमा वैज्ञानिक नियम हो कि वर्गसमाजमा विभिन्न वर्गका स्वार्थहरु एक अर्कोमा टकराँउछन् र ती भिन्न भिन्न विचार र दृष्टिकोणका रुपमा प्रतिबिम्बित बन्न पुग्छन् । तसर्थ ती भिन्न विचारहरुको आधाशिलामा विभिन्न दृष्टिकोणको निर्माण हुन्छ ।

यो दर्शनशास्त्रको मौलिक प्रश्नले स्पष्ट पारिसकेको विषय हो कि दर्शनशास्त्रको इतिहासमा भौतिकवाद र आदर्शवाद तथा द्वन्द्ववाद र अधिभूतवाद बीच मानव समाजमा जुन संघर्ष चल्दै आएको छ , त्यो नै यसै वर्गीय तथा वैचारिक संघर्षको प्रतिबिम्बन र परिणाम हो ।

आजको युग साम्राज्यवाद र विश्वसर्वहारा वर्ग बीचको भीषण वर्गसंघर्षको युग हो । अर्थात् लेनिनकै शब्दमा आजको युग वैज्ञानिक समाजवादी क्रान्तिको युग हो । यसरी मानव समाजको विकासको प्रक्रिया अन्तरगत आजसम्म तमाम प्रकारका आदर्शवाद र भौतिकवाद तथा यान्त्रिक भौतिकवादका बीच जुन संघर्ष चल्दै आएको छ त्यो तमाम प्रकारका प्रतिक्रियावादी र क्रान्तिकारी जनसमुदाय, साम्राज्यवादमा गिरिसकेको पुँजीपति वर्ग तथा विश्वसर्वहारा वर्ग बीचको जीवनमरणको वर्गसंघर्षको प्रतिबिम्बन र परिणाम हो ।

दार्शनिक फाँटको क्षेत्रमा मूलतः दर्शनशास्त्रको मौलिक प्रश्नको क्षेत्रमा बीचको धारा तेस्रो धारा पनि प्रकट हुदै आएको छ । मानव समाजमा भौतिकवाद र आदर्शवाद बीचको लडाइँमा जसले आफूलाई गैर पक्षधर, तटस्थ वा तेस्रो धाराको हिमायती देखाउने गर्दै आएका छन् वास्तवमा ती मूलतः प्रतिक्रियावादी वर्गको वर्ग, तिनको वर्गहित र विचारधाराकै प्रतिनिधि हुन् । यसरी दर्शनशास्त्रको मौलिक प्रश्नको क्षेत्रमा आफूलाई तटस्थ, गैर पक्षधर वा आदर्शवाद, भौतिकवादभन्दा पनि माथि उठेको देखाउने प्रत्यक्षवादी, माखवादी, संशोधनवादी लगायत तमाम प्रवृत्तिहरु धेरै पहिलेदेखि कायम रहदै आएका छन् ।

दर्शनशास्त्रको मौलिक प्रश्नको फाँटमा पक्षधर र गैर पक्षधरका विषयमा संश्लेषण गर्दै कमरेड माओ त्सेतुङले वर्गसंघर्ष र दर्शनमा प्राथमिक स्थान वर्गसंघर्ष हुने भन्नुभएको थियो, 'दर्शन त्यतिबेला मात्रै जन्मन्छ जब वर्गसंघर्ष चल्छ ।' जग वर्गसंघर्ष नै हो । त्यस पछि मात्रै दर्शनको अध्ययनको कुरा आउँछ - कसको दर्शन ? बुर्जुवा वर्गको कि सर्वहारा वर्गको ? सर्वहारा वर्गको दर्शन मार्क्सवादी दर्शन हो । कमरेड माओका माथिका भनाइबाट स्पष्ट हुन्छ कि वर्गसमाजमा दर्शनको चरित्र वर्गीय हुन्छ । बस्ततः वर्गीय समाजमा दर्शनको चरित्र वर्गीय हुने भएकोले हरेक दर्शनले आफ्नो वर्गहित, विचार र राजनीतिक उद्श्येको सेवा गर्दछ ।

कार्ल मार्क्स (१८१८-१८८३) र फ्रेडरिक एंगेल्स (१८२०-१८९५) द्वारा सन १८४८ मा विश्वविख्यात कम्युनिस्ट घोषणापत्र जारी गरे पश्चात् विश्व सर्वहारा वर्गले आफ्नो मुक्तिको सिद्धान्त मार्क्सवाद प्राप्त गर्यो । मार्क्सवाद पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको हो । मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसंघर्ष तथा इतिहासमा बल प्रयोगको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व र वैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यता हुन् । मार्क्सवादका बारेमा लेनिन अगाडि भन्नू हुन्छ, 'मार्क्सवाद भनेको मार्क्सका विचार र उनका शिक्षाको व्यवस्थित श्रृङखला हो ।' मार्क्सवादको निर्माण दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका तीन संघट तत्वहरुको संश्लेषणबाट भएको छ ।

मार्क्सको आफ्नै दर्शन छ अर्थात् मार्क्सवादी दर्शन । मार्क्सको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । मार्क्सवादी दर्शनको सिद्धान्त भौतिकवाद हो । मार्क्सवादी दर्शनले प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक सत्तालाई दोस्रो स्थानमा राख्दछ । यो दर्शनशास्त्रको मौलिक प्रश्नसँग सम्बन्धित विषय हो । मार्क्सवादले चेतनालाई बस्तु जगतको आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगाम्य बताउँछ । मार्क्सवादी दर्शनको पद्धति द्वन्द्ववाद हो ।

वैज्ञानिक साम्यवादका सिद्धान्तकार कार्ल मार्क्सले ऐतिहासिक भौतिकवादमा सामाजिक सत्ता र सामाजिक चेतना, उत्पादन शक्ति र उत्पादन सम्बन्ध, आधार र उपरिसंरचना तथा उत्पीडक र उत्पीडित वर्गहरुका बीचको संघर्षको मान्यता प्रस्तुत गर्नुभएको छ । मार्क्सको राजनीतिक अर्थशास्त्र श्रमको मूल्य सिद्धान्त र अतिरिक्त मूल्यको सिद्धान्तमा आधारित रहेको छ । मार्क्सको वैज्ञानिक समाजवाद वर्गसंघर्ष, इतिहासमा बलप्रयोगको भूमिका, सर्वहारा वर्गको अधिनायकत्व, साम्यवादका आधारभूत मान्यताहरुद्वारा निर्मित भएको छ ।

| 1. | Factor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

११. कम्पनी: TOROQ AL- SHARQ EQUIPMENT RENTAL EST — शहर: KSA
पुर्व स्वीकृत मिति: २०७८/०३/१६ चलानी नं.: ६०१५९४८७ LT. No.: 241871 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver of All Road Mechanisms | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 3 | 0 | | 2500 | ७९,१०० | | | | | | | |
| 3. | All Road Drivers | 4 | 0 | | 2500 | ७९,१०० | | | | | | | |

१२. कम्पनी: NOORA WAQAIYAN AL DOSSARY TRANSPORTATION EST. — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०७७/१२/३० चलानी नं.: ६०१५७१९१ LT. No.: 239010 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१३. कम्पनी: AL-QADAH AL-FAKER FACTORY — शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०७८/०३/१६ चलानी नं.: ६०१५९४८६ LT. No.: 241891 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hand Packing Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१४. कम्पनी: NATIONAL RESOURCES INDUSTRY COMPANY IS A ONE- PERSON COMPANY — शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०७८/०४/०७ चलानी नं.: ६०१६०४४० LT. No.: 242779 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१५. कम्पनी: MAJED M. AL-QAHTANI TRANS EST. — शहर: KSA
पुर्व स्वीकृत मिति: २०७८/०४/०७ चलानी नं.: ६०१६०४४१ LT. No.: 242974 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१६. कम्पनी: AL-SAEED KITCHENS TRADING EST — शहर: Al Hasa
पुर्व स्वीकृत मिति: २०७८/०४/०८ चलानी नं.: ६०१६०५४९ LT. No.: 243019 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Aluminum Technician | 6 | 0 | | 2200 | ६९,६०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २७ गते (11 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७

**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np

# पारस खड्काले लिए अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ काठमाडौं

नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउण्डर पारस खड्काले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यास लिएका छन् । झण्डै दुई दशक राष्ट्रिय टिमबाट खेलेका खड्काले मंगलबार सामाजिक सञ्जालमार्फत सन्यासको घोषणा गरेका हुन् ।

उनले सन्यास लिएको जानकारी दिँदै नेपालका लागि खेल्नु आफ्नो जीवनको सर्वश्रेष्ठ उपलब्धि भएको बताएका छन् । लामो समय नेपाली टोलीको कप्तानी गरेका खड्काले दुई वर्षअघि कप्तानबाट राजीनामा दिएका थिए । खड्काले आफूले अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिए पनि नेपाली क्रिकेटमा भने आफ्नो सपना अझै बामे सर्दै गरेको उल्लेख गरेका छन् ।

सन् २००२ मा आफू १५ वर्षको हुँदा क्रिकेट यात्रा सुरु गरेको स्मरण गर्दै खड्काले आफ्ना खेलाडी साथी, प्रशंसक, परिवारसहित सम्पूर्णमा कृतज्ञता व्यक्त गरेका छन् । उनले वक्तव्यमा लेखेका छन्, 'सम्पूर्ण नेपाली क्रिकेटका समर्थक र सरोकारवालाप्रति कृतज्ञता व्यक्त गर्दै अन्तर्राष्ट्रिय क्रिकेटबाट मैले सन्यास लिने निर्णय लिएको छु ।' उनले भनेका छन्, 'मेरो जीवनमा मैले देखेको सपना भनेको नै नेपाली क्रिकेटको उन्नती हो तर यसका लागि सम्पूर्ण क्रिकेट समाज र सरोकारवालाहरुको संयुक्त प्रयासको आवश्यकता छ । इमानदारिताका साथ काम गर्ने हो भने हामीले नेपाली क्रिकेटलाई अवश्य पनि एउटा नयाँ उचाइमा पुऱ्याउनेछौँ ।' खड्काले लेखेका छन्, 'मैदान भित्रका यी दुई दशक, जीवन रहुन्जेल, मिठो यादका रुपमा मसँग रहनेछन् । हामी सबैले मिलेर नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याउने छौँ भन्ने विश्वास लिएको छु ।' नेपालका सफल कप्तान तथा अलराउन्डर खड्काले नेपाललाई २००४, २००६ र २००८ गरी तीनवटा अन्डर १९ विश्वकपमा नेपालको प्रतिनिधित्व गरेका थिए । उनी सन् २००९ मा नेपाली क्रिकेट टोलीको कप्तान बनेका थिए । सन् २००७ को अन्डर-१९ एसीसी ट्रफीमा उनी म्यान अफ द टुर्नामेन्ट घोषित भएका थिए । पारसले अब क्रिकेट संघतिर जाने संकेत गरेका छन् । क्रिकेट संघको निर्वाचन २०८० मा हुनेछ, तर संघको विधानमा चुनावमा जान खेलाडीले दुई वर्ष क्रिकेट छाडेको हुनुपर्ने व्यवस्था छ । सन्यास लिँदा पारसले यो समय पनि मिलाएको देखिन्छ ।



## सन्यासले आश्चर्यमा पाऱ्यो



**काठमाडौं/मस–** नेपाल क्रिकेट संघ क्यानका अध्यक्ष चतुरबहादुर चन्दले पारसको सन्यासले आफू आश्चर्यमा परेको बताएका छन् । मंगलबार पारसले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्यासको घोषणा गर्दै नेपाली क्रिकेटको विकासमा सधैं लागि पर्ने प्रतिवद्धता जनाएका छन् । एक्कासी सामाजिक सञ्जालमा राजिनामा आएपछि थाहा पाएका अध्यक्ष चन्दले पारसले अहिले नै सन्यास लिने बेला भने नभएको उल्लेख गरे । क्यानसँग सरसल्लाह गरेर अघि बढेको राम्रो सन्देश जाने थियो भनेका थिए । तर, क्यानसँग पारसको कुनै रिस राग नभएको बताउँदै उनले आगामी दिनमा चाल्ने कदमले पक्कै पनि नेपाली क्रिकेटलाई थप उचाई हासिल गर्न मद्दत पुग्ने पवनि विश्वास व्यक्त गरे । उनले भने 'पारस नेपाली टिमका सदस्य मात्रै नभएर यसको लिडर पनि हुन् । उनले नै नेपाली क्रिकेटलाई धेरै सफलता दिलाएका छन् । त्यसको हामीले सम्मान गर्छौं । साथै उनी जस्ता क्रिकेट बुझेका मान्छेको क्रिकेटमा आवश्यकता रहेको पनि छ ।'

पारसले सन्यास लिएपछि उनको सन्यासपछि सामाजिक सञ्जालमा अहिले यसको चर्चा भइरहेको छ । उनले सन्यास लिएपछि नेपाली राजनीतिक दलका नेतादेखि, खेलाडी, कलाकार पत्रकारहरुले शुभकामना दिएका छन् ।

राष्ट्रिय क्रिकेट टिमका कप्तान मल्लले पारसले नेपाली टिममा दिएको योगदान अतुलनीय रहेको बताएका छन् । दीपेन्द्र सिंह ऐरी, सन्दीप लामिछानेलगायत क्रिकेटरहरुले पनि पारसलाई शुभेच्छा व्यक्त गरेका छन् ।

यसैगरी पूर्व प्रशिक्षक पुबुधु दशानायके पनि उनलाई अर्को इनिङ्सका लागि बधाई भनेका छन् । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् आइसीसीले पनि पारसलाई नयाँ यात्राको लागि शुभकामना दिएको छ भने उनकै माउ संस्था नेपाल क्रिकेट संघ क्यानले पनि शुभ कामना व्यक्त गरेको छ । यसैगरी अखिल नेपाल फुटबल संघ एन्फाका र फुटबलरहरुका साथै बास्केट बल, टेबल टेनिस, भलिबल लगायत खेलाडी तथा पदाधिकारीले पारसलाई शुभ कामना दिएका छन् । यस्तै, वरिष्ठ कलाकार हरिवंश आचार्यका सार्थ बैंककरर्स अनिल केशरी शाहका साथै विभिन्न पेशा तथा व्यवसायमा आवद्ध र समर्थकहरुले पारसलाई शुभकामना दिएका छन् ।

## श्री स्टारको प्रशिक्षकमा उर्जन नियुक्त



**ललितपुर/मस–** ललितपुरे क्लब श्री स्टारले उर्जन श्रेष्ठलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । क्लबले मंगलबार उनलाई मुख्य प्रशिक्षकको रुपमा सार्वजनिक गरेको हो ।

मुख्य प्रशिक्षक मेघराज केसीले क्लब छाडेपछि श्री स्टारले गत चैतमा श्रेष्ठलाई प्रशिक्षकमा नियुक्त गरेको थियो । श्रेष्ठले गत संस्करणको लिगमा ब्रिगेड ब्वाइज क्लब (बीबीसी) को प्रशिक्षण सम्हालेका थिए । अब उनले आसन्न 'ए' डिभिजन लिग र राष्ट्रिय लिगका लागि श्री स्टारको प्रशिक्षण सम्हाल्नेछन् । उनले यसअघि मोफसलको दुई गोल्डकपमा श्री स्टारको प्रशिक्षण सम्हालेका थिए । उनी श्री स्टारका पुर्व खेलाडीसमेत हुन् । उनकै प्रशिक्षणमा श्री स्टारले गत अप्रिलमा मकवानपुरमा आयोजना भएको चौथो संस्करणको बागमती गोल्डकपको च्याम्पियन बनेको थियो । उनी गोल्डकपको सर्वोत्कृष्ट प्रशिक्षक समेत चुनिएका थिए ।

'श्री स्टारमा खेलाडीको रुपमा मैले दुईपटक सहिद स्मारक 'ए' डिभिजन लिग जितेको छु । म श्री स्टारको एक प्रशिक्षकको रुपमा मेरो लागि तेस्रो लिगको उपाधि जित्न चहान्छु ।' श्री स्टारमा आबद्ध भएपछि प्रशिक्षक उर्जनले भने, 'टिम राम्रो बनेको छ । अनुभवी र युवा खेलाडीको साथ छ ।

मलाई मेरो खेलाडीप्रति पुर्ण विश्वास छ । हामी लिगका लागि दावेदार छौं । फरक भुमिकामा तेस्रोपटक लिग च्याम्पियन बन्ने चाहना छ ।' श्री स्टारले नयाँ सिजनको लिगका लागि मिडफिल्डर आयुष घलान र डोना थापालाई अनुबन्ध गरिसकेको छ । श्री स्टार क्लबका पुराना खेलाडीको सम्झौता नविकरण गर्ने र केही नयाँ खेलाडी अनुबन्धको दौडमा रहेको छ ।

## अब्दुल्लाह र नेम्वाङ विवाद समाधान उन्मुख

**काठमाडौं/मस–** नेपाली फुटबल यतिबेला प्रमुख प्रशिक्षक अब्दुल्लाह अल्मुताइरी र एन्फा वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङका कारण चर्चामा रहेको छ । प्रशिक्षक अब्दुल्लाहले गत आइतबार नेम्वाङका कारण काम गर्न नसक्ने अवस्थामा पुगेको भन्दै सामाजिक सञ्जालबाट राजिनामा दिने घोषणा गरेका थिए ।

यसबीचमा एन्फामा विभिन्न घटनाक्रमहरु पनि भए । शुक्रबार आपत्कालिन बैठक बसी युवा तथा खेलकुदमन्त्रालयलाई छाविन गर्नका लागि भनिएको थियो । अहिले छानविन राष्ट्रिय खेलकुद परिषद् राखेपले गर्ने भएको छ । त्यसका लागि राखेप सदस्य पुरेन्द्रविक्रम लाखेको नेतृत्वमा समिति गठन भएको छ । समिति गठन भएकै दिन मंगलबार प्रशिक्षक अब्दुल्लाह र नेम्बाङबीच भेटघाट भएको र वार्ता सहमति नजिक पुगेको बताइएको छ ।


### गोर्खा आर्युवेद कम्पनी प्रा.लि. द्वारा प्रस्तावित आर्युवेद औषधि उत्पादनको प्रारम्भिक वातावारणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०७८/०४/२०

बागमती प्रदेश, ललितपुर जिल्लाको ललितपुर महानगरपालिका वडा नं २२ बुङ्गमतिमा गोर्खा आर्युवेद कम्पनी प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | गोर्खा आर्युवेद कम्पनी प्रा.लि.<br>काठमाडौं महानगरपालिका-१३, सोल्टीमोड, काठमाडौं |
| प्रस्तावको व्यहोरा | गोरखा जिल्ला, गोरखा नगरपालिका ८, हरमटारीमा अवस्थित रहेको गोर्खा आर्युवेद कम्पनी प्रा.लि.को आर्युवेद औषधि उत्पादन एकाईलाई ललितपुर महानगरपालिका, वडा न. २२, बुङ्गमतिमा स्थानान्तरण गर्नको लागि प्रस्ताव गरिएको छ। प्रस्तावित उद्योग कित्ता नं. ११३, १२२ को ३८४७.२९ वर्ग मिटर (७ रोपनी ९ आना) क्षेत्रफलमा निर्माण तथा संचालन गरिनेछ। यस उद्योगको उद्देश्य आर्युवेद औषधि उत्पादन गर्ने रहेको छ ।<br>प्रस्तावित उद्योगबाट बार्षिकरुपमा पाउडर/ चुर्ण-१७००० के. जि., ट्यावलेट/ गुग्गुल-१ खर्ब २० अर्ब ट्यावलेट, क्यापसुल (Capsule)- १ खर्ब क्यापसुल, सिरप (Syrup)-४१००० लिटर, तेल-३५०० लिटर, भस्मा-६१५ के. जि., अभालेह-४३०० के. जि., असाभा-१२०० लिटर औषधि उत्पादन गर्ने उद्देश्य रहेको छ । |
| प्रभाव पर्न सक्ने म.न.पा.र वडा | ललितपुर महानगरपालिका वडा नं २२ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावारणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा आयोजना रहने क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गोर्खा आर्युवेद कम्पनी प्रा.लि.<br>काठमाडौं महानगरपालिका-१३, सोल्टीमोड, काठमाडौं<br>फोन नः +९७७-१४२८६८७५, ईमेलः info@gorkhaayurved.com.np |
| परामर्शदाताको नाम र ठेगाना | ग्रीन ग्लोब इन्टरनेशनल प्रा. लि.<br>कोटेश्वर-३२, काठमाण्डौं, नेपाल<br>ईमेलः info.greenglobes@gmail.com, फोन नः ०१-५१४९१११ |



### कतारमा रोजगारको अवसर

१.कम्पनी: INDO QATAR PROJECT — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/११ — LT. No.: 241509 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 1 | 0 | [illegible] | 1400 | ४४,८७० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |
| 2. | Mason | 2 | 0 | | 1400 | ४४,८७० | | | | | | |
| 3. | Supervisor | 1 | 0 | | 2500 | ८०,१२५ | | | | | | |
| 4. | Labourer | 2 | 0 | | 1300 | ४१,६६५ | | | | | | |
| 5. | Driver | 1 | 0 | | 2200 | ७०,५१० | | | | | | |
| 6. | Painter | 1 | 0 | | 1400 | ४४,८७० | | | | | | |
| 7. | Plumber Assistant | 1 | 0 | | 1400 | ४४,८७० | | | | | | |

२. कम्पनी: KIRKMGHANIS — शहर: DOHA
LT. No.: 240146 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 5 | 0 | [illegible] | 1500 | ४८,०७५ | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |
| 2. | Cooker | 10 | 0 | | 1800 | ५७,६९० | | | | | | |
| 3. | Cashier | 5 | 0 | | 1500 | ४८,०७५ | | | | | | |

३. कम्पनी: TRANSPORT AND GARAGE SAAD HILAL — शहर: DOHA
LT. No.: 241156 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | [illegible] | 2200 | ७०,५१० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 10 | 0 | | 2200 | ७०,५१० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ साउन २७ र २८ गते (11 & 12 Aug. 2021) मा हुनेछ ।

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website: www.rajgroupnepal.com



### साउदीमा रोजगार

१. कम्पनी: Bayrak Metal Factory for Metal Industries — शहर: RIYADH
LT. No.: 243329

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ORDINARY LABOR | 10 | 0 | [illegible] | 1200 | ३७,९६८ | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |

२. कम्पनी: ADAWATY PLASTIC COMPANY — शहर: RIYADH
LT. No.: 243328

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ORDINARY LABOR | 4 | 0 | [illegible] | 1000 | ३१,६४० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |

३. कम्पनी: CONCENTRATED FEED FACTORY — शहर: RIYADH
LT. No.: 239855 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labor | 1 | 0 | [illegible] | 1000 | ३१,६४० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |

४. कम्पनी: BRANCH OF FAHAD MUHAMMED HADI AL THIBAN TRADING CORPORATION — शहर: रियाद
LT. No.: 241545 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker/labour/factor | 1 | 0 | [illegible] | 1000 | ३१,६४० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |

५. कम्पनी: GREEN PIPES TRADING CO. — शहर: RIYADH
LT. No.: 239725 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading And Un Loading | 1 | 0 | [illegible] | 1000 | ३१,६४० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २७ गते (11 Aug. 2021) मा हुनेछ ।

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4425081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com



### कतारमा रोजगार

१. कम्पनी: RIVERA TRADING & CONT.CO. — शहर: DOHA
LT. No.: 240444 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | [illegible] | 1000 | ३२,०५० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |
| 2. | Plumber | 2 | 0 | | 1200 | ३८,४६० | | | | | | |

२. कम्पनी: CAFE TASSE — शहर: Doha
LT. No.: 242926 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 1 | 0 | [illegible] | 1500 | ४८,०७५ | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |
| 2. | Juice Maker | 2 | 0 | | 1500 | ४८,०७५ | | | | | | |

३. कम्पनी: Prime Building Materials — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/२१ — LT. No.: 241976 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | [illegible] | 1000 | ३२,०५० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |

४. कम्पनी: Q PAK BUILDERS W.L.L — शहर: DOHA
LT. No.: 236910 — पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | [illegible] | 1000 | ३२,०५० | क.कि. अनुसार | ८ घण्टा | ६ दिन | क.कि. अनुसार | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 2000 | ६४,१०० | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1200 | ३८,४६० | | | | | | |
| 4. | Decor Wood Cutter | 1 | 0 | | 1200 | ३८,४६० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २७ गते (11 Aug. 2021) मा हुनेछ ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com

गो.हु.का.द.नं. ३३/०६९/०७०



# फेरि कुलमानलाई ल्याउने तयारीमा सरकार

## तर, शाक्यले राजीनामा नदिने, आवश्यक परे अदालत जाने



**सागर तिमल्सिना/मध्यान्ह**
साउन १९, काठमाडौं ।

सरकारले कुलमान घिसिङलाई फेरि नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा ल्याउने तयारी गरेको छ । जसका लागि सरकारले हालका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसँग राजीनामासमेत मागेको छ ।

मंगलबार उर्जामन्त्री पम्फा भुसालले शाक्यलाई बोलाएर राजीनामा दिन भनेकी हुन् । बालुवाटार स्रोतले जनाएअनुसार प्रधानमन्त्री शेरबहादुर देउवासँगको परामर्श पछि उर्जामन्त्री भुसालले शाक्यसँग राजीनामा माग गरेकी हुन् ।

शाक्यलाई केपी शर्मा ओली नेतृत्वके सरकारले प्राधिकरणको निर्देशकमा ०७७ माघ २७ मा नियुक्त गरेको थियो । कुलमानको बिदाईसँगै कायममुकायमको जिम्मेवारी दिँदै ओली सरकारले शाक्यलाई निर्देशकमा नियुक्ति गरेको थियो ।

ओलीले सिधा हस्तक्षेप गरि शाक्यलाई प्राधिकरणको नेतृत्वमा ल्याएका थिए । उनको नियुक्तीको विषय सुरुदेखि नै विवादमा छ ।

चार वर्षे कार्यकाल सकेर घिसिङ ०७७ भदौ २९ मा प्राधिरणबाट बिदाई भएका थिए । उनको नेतृत्वमा प्राधिकरणले निकै ठूलो फड्को मारेको थियो । दिनमा १८ घण्टासम्म हुने लोडसेडिङ्गलाई अन्त्य गर्दै अर्बौं घाटामा गएको प्राधिकरणलाई उनले नाफामा लगेका थिए ।

### शाक्यले राजीनामा नदिने !



तर, शाक्यले सरकारले राजीनामा माग्दैमा नदिने भएका छन् । उनी बाध्यपूर्वक हटाइए अदालतमा तयारीमा रहेको प्राधिकरण स्रोतले बताएको छ । उनले आफू चार वर्षका लागि नियुक्त भएको भन्दै राजीनामा नदिन अडान लिएको स्रोतको भनाई छ ।

यता सरकारले भने राजीनामा दिन अस्वीकार गरे स्पष्टीकरण माग्ने र हटाउने तयारी गरेको छ । उर्जा मन्त्रालय स्रोतका अनुसार कार्यसम्पादनका आधारमा शाक्यलाई हटाईनेछ ।

# वित्तीय क्षेत्रका कर्मचारीहरुको पक्षमा सर्वोच्चको आदेश

## अब सामाजिक सुरक्षा कोष स्वेच्छिक

**हरिप्रसाद अर्याल/मध्यान्ह**
काठमाडौं, १९ साउन ।

सामाजिक सुरक्षा कोषले जबरजस्ती कुनै पनि कम्पनी तथा व्यवसायिक प्रतिष्ठानलाई सूचिकृत गराउन नसक्ने भएको छ । मंगलबार सुरक्षा कोषविरुद्व बैंक तथा वित्तीय क्षेत्रका कर्मचारीहरुले दायर गरेको रिटमाथि अन्तरिम आदेश जारी गर्दै अदालतले कोषमा सूचिकृत गराउने व्यवस्था स्वेच्छिक हुने आदेश जारी गरेको हो ।

सर्वोच्चले सामाजिक सुरक्षा कोषमा आबद्ध हुने श्रमिक वा कर्मचारीको सुविधा र सेवा कटौती हुनेगरी बाध्यकारी रुपमा समावेश गराउन नमिल्ने व्याख्या गरेको छ । सर्वोच्चले कर्मचारीहरुले आफूले पाएको सुविधा घट्ने तथा कमी आउने दाबी गरेको र सर्वोच्चले यसरी श्रम गर्नेले पाउँदै आएको सुविधा घटाउन नमिल्ने सिद्धान्त नै कायम गरेको भन्दै कोषको व्यवस्था अनिवार्य नगर्न भनेको हो ।

अदालतको पूर्ण इजलाशले मुद्दाको टुंगो नलाग्दासम्म यथास्थितीमा राख्न भनेको छ । न्यायाधीशहरु अनिलकुमार सिन्हा, कुमार चुडाल, नहकुल सुवेदीको इजलाशले यस्तो आदेश जारी गरेको हो ।

चार दिनको निरन्तरको सुनुवाइपछि पूर्ण इजलासले कर्मचारीको पक्षमा अन्तरिम आदेश दिएको हो । तर यो अन्तिम आदेश भने होइन । सर्वोच्चले ४५ दिनभित्र फैसला गर्नसमेत आदेशमा भनेको छ ।

यसअघि सामाजिक सुरक्षा कोषले बैंक तथा वित्तीय क्षेत्रलाई साउनभित्र कोषमा सूचीकृत हुन निर्देशन गरेको थियो । समय नै तोकेको कोषले निर्देशन गरेपछि बैंक तथा वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीहरु सर्वोच्च अदालत पुगेका थिए ।




तर, उक्त रिटको दोस्रो सुनुवाइमा न्यायाधीशका बीचमा दुईथरी राय आएको थियो । सामाजिक सुरक्षा कोष खारेज हुनुपर्ने जिकिर गर्दै दायर गरेको रिटमा दुई न्यायाधीशको राय बाझिएपछि तीन न्यायाधीशको पूर्ण इजलासमा मुद्दा पुगेको थियो ।

न्यायाधीश तेजबहादुर केसी र बमकुमार श्रेष्ठको राय बाझिँदा यो विषयको विवाद पूर्ण इजलासमा आएको थियो ।

> चार दिनको निरन्तरको सुनुवाइपछि पूर्ण इजलासले कर्मचारीको पक्षमा अन्तरिम आदेश दिएको हो । तर यो अन्तिम आदेश भने होइन । सर्वोच्चले ४५ दिनभित्र फैसला गर्नसमेत आदेशमा भनेको छ ।

असार २० गते दायर भएको रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै न्यायाधीश तेजबहादुर केसीको असार २२ गतेको इजलासले कारण देखाऊ आदेश जारी गर्दै अन्तरिम आदेशबारे छलफलका लागि दुवै पक्षलाई बोलाएको थियो । त्यसपछि अर्को दिन भएको सुनुवाइमा न्यायाधीशहरु केसी र श्रेष्ठबीच अन्तरिम आदेश जारी हुने/नहुने विषयमा मत बाझिएको थियो ।

न्यायाधीश केसीले सामाजिक सुरक्षा कोषमा सहभागी हुनैपर्ने भनेर अनिवार्य गराउन नमिल्ने भन्दै अन्तरिम आदेश जारी गर्ने राय व्यक्त गरेका थिए । न्यायाधीश श्रेष्ठले भने अन्तरिम जारी नहुने राय व्यक्त गरेका थिए ।

# उत्तरको कोरोला र दक्षिणको त्रिवेणी नाका खुलाउने योजनामा गण्डकी प्रदेश

## मुख्यमन्त्री भन्छन् - सरकारलाई सफल बनाउन सबैको सहयोग चाहिन्छ

**मध्यान्ह संवाददाता**
पोखरा, १९ साउन ।

गण्डकी प्रदशेका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सरकार निजी क्षेत्रसँग सहकार्य गर्न आतुर रहेको बताएका छन् । पोखरा उद्योग वाणिज्य संघले पोखरामा आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले आर्थिक समृद्धिका लागि सरकार र निजी क्षेत्रबीचको सम्बन्ध दरिलो हुनुपर्ने भनाइ राखे ।

उनले भने, 'लगानीमैत्री वातावरणका लागि नीतिगत, कानुनी, संस्थागत संरचना र प्रक्रियागत सुधार के गर्नुपर्छ हामीलाई सुझाव चाहिएको छ, हाम्रो क्षमताले भ्याएसम्म सहकार्य गर्न सरकार तयार छ ।'

उनले युवाहरुलाई उद्योग व्यवसायतर्फ आकर्षित गर्न प्रदेश सरकारले 'स्टार्टअप' र 'इनोभेसन' लाई प्राथमिकतामा राखेको बताए । व्यवसाय र उद्योगसँग अहिले प्रविधि जोडिएको भन्दै उनले प्रविधिकै कारण लागत मूल्य कम पर्नेर उपभोक्तासम्मले अनुकुल मूल्यमा सामान प्राप्त गर्न सक्ने भनाइ राखे ।

राजनीतिक घटनाक्रमका बीच गण्डकीमा नयाँ सरकार बने पनि अघिल्लो सरकारले गरेका कामको स्वामित्व लिएर आफूहरु अगाडि बढ्ने प्रतिबद्धता उनले जनाए ।

कोरोनाबाट थलिएका साना व्यवसायीका लागि ल्याइएको जीवन रक्षा कोषलाई थप प्रभावकारी बनाएर लगिने उनले बताए । 'यसमा देखिएका कमीकमजोरीलाई सुधारेर यसलाई तत्काल कार्यान्वयनमा हामी ल्याउँछौं,' उनले भने ।

प्रदेश सरकारको श्वेतपत्र, वार्षिक नीति तथा कार्यक्रम, बजेट, आवधिक योजना, क्षेत्रगत नीति, मन्त्रालय र अन्तरगतका वार्षिक कार्यक्रमहरूलाई निर्धारित अवधिभित्र सम्पन्न गर्न सरकारले काम थालिसकेको उनले जानकारी गराए ।

कोरोना महामारिले हाम्रो समग्र जीवनलाई थला पारेको भन्दै उनले भने, 'यो विषम परिस्थितिबाट उन्मुक्ति पाउने १ मात्र उपाय कोरोना विरुद्धको खोप नै हो । यो सरकार गठन भएदेखि नै सबै प्रदेशबासीलाई खोप उपलब्ध गराउने कुरामा कृत संकल्पित रहँदै आएको छ । सरकारले आवश्यक बजेटको समेत प्रबन्ध गरेको छ भने खोप हासिल गर्नका लागि प्रयत्नहरु गर्दै आएको छ ।' प्राथमिकता र माग अनुसार प्रदेशमा खोपको व्यवस्थापन गर्दै आएको उनले बताए ।



लगानीबाट मात्र उत्पादन, रोजगारी र आम्दानीको ढोका खुल्ने तथ्यका प्रति यो सरकार स्पष्ट रहेको भन्दै उनले लगानी गर्ने र व्यवसाय गर्ने अनुकुल वातावरण निर्माण गरी निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढन सरकार आतुर रहेको बताए । उनले भने, 'तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका क्षेत्रहरुको पहिचान गरी पर्यटन विकास, पूर्वाधार निर्माण, कृषिको आधुनिकीकरण र औद्योगीकरणमा टेवा पुग्ने गरी लगानी आकर्षित गर्न सकेमामात्र जनताको विकासको चाहना पूरा गर्न सकिन्छ ।'

### कोरोला र त्रिवेणी नाका खुलाउन संघसाग समन्वय

मुख्यमन्त्री पोखरेलले उत्तरको कोरोला र दक्षिणको त्रिवेणी नाका खुलाएर अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्नुपर्ने योजनामा सरकार रहेको बताएका छन् । उनले यसका लागि संघ सरकारसँग सहयोग मागिरहेको पनि जानकारी दिए ।

क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल बनेसँगै प्रदेशले मुहार फेर्ने तर्क पोखरेलको छ । उनले पर्यटन मात्र होइन अरु सबै खालका व्यवसाय प्रवर्द्धनमा यो विमानस्थलले महत्वपूर्ण भूमिका निर्वाह गर्ने पनि बताए ।

पोखरेलले भनेका छन्, 'यहाँको विमानस्थल अनि राजमार्ग प्रयोग गरेर आयात प्रतिस्थापन गरी निर्यात बढ्दा प्रदेश आफै समृद्ध हुन्छ ।'

कार्यक्रममा भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्काले प्रतिकुल समयबीच व्यवसायीहरु रहेको भन्दै उनीहरुको वाध्यता आफूले बुझेको बताएका थिए । मुख्यमन्त्री पोखरेलले स्रोत र आवश्यकताबीच धेरै खाडल रहेको भन्दै यही चुनौती खेपेर सरकारले काम थालेको बताए । २१ अर्ब केन्द्रको अनुदान हुँदा हामीले ३० अर्बको बजेट ल्याउनुपर्ने वाध्यता औंल्याउँदै आन्तरिक राजश्व वृद्धि नगर्दासम्म प्रदेशमा ठूला परियोजना परिकल्पना गर्न नसकिने उनको भनाइ थियो

त्यस्तै अर्थमन्त्री रामजी बराल जीवनले सानो बजेट लिए सरकार अगाडि बढेको भन्दै निजी क्षेत्रलाई साथमै लिएर आफूहरुले काम गर्ने बताए । पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेलले व्यवासायीहरुलाई खोप प्रदान गर्न लागि परेको भनाइ राखे ।


# नेपालगन्ज–पोखरा हवाइ उडान शुरु

**काठमाडौं/मस–** पर्यटन प्रर्बद्धन विकासका लागि बुद्ध एयरले साताको ३ दिन नेपालगन्ज पोखरा उडान शुरु गरेको छ । पश्चिम क्षेत्रको बाँके र बर्दियालाई र पोखरा लक्षित गरि उडान शुरु गरिएको हो ।

बुद्ध एयरको उडान नं. ४६२ ले नेपालगन्जबाट पोखरा जाने यात्रु सहित उडान भरेको छ । नेपालगन्ज बासीको बर्षौंदेखि प्रतिक्षारत नेपालगन्ज-पोखरा उडान शुरु भएको छ । पर्यटन प्रर्बद्धनमा नेपालगन्जका लागि निकै उपयोगी मानिएको यो उडानमा आउने र जाने यात्रुलाई भव्य स्वागत गरिएको छ । अबिर र गम्छासहित स्वागत गर्न पर्यटन प्रर्बद्धनमा सक्रिय रहेका नेपालगन्जका अगुवाहरु एयरपोर्ट पुगेका थिए । पहिलो चरणमा सातामा ३ उडान सुरु गर्न लागिएको बुद्ध एयर नेपालगञ्जका प्रबन्धक विनित शाहले जानकारी दिए ।

### कति छ भाडादर ?

नेपालगञ्ज-पोखरा उडानको एकतर्फी भाँडा, न्यूनतम चार हजार ९३५, मध्यम पाँच हजार ५३५ र अधिकतम पाँच हजार ९३५ भाँडा तीन किसिमको छ । यात्रुहरुको चापका आधारमा निकट भविष्यमा दैनिक पनि हवाई उडान हुन सक्ने बुद्ध एयरले बताएको छ । भारतीय पर्यटकलाई लक्षित गरी नेपालगञ्ज-पोखरा हवाई उडान सुरु गरिएको छ ।



यसअघि दोश्रो पटक निषेधाज्ञा सुरु हुनुभन्दा पहिले नेपाल एशोसिएसन अफ टुर्स एण्ड ट्राभल्स एजेन्सी बाँकेले सीता एयरसँग समन्वयमा जहाज लिएर चार्टड उडान गर्दै आएको थियो । पोखरा देखि नेपालगन्ज सजिलै र यो उडान अति नै अवश्यक रहेको यात्री गोविन्द झाले बताए ।

नेपालगञ्ज नजिक भारतको ठुलो शहर लखनउ पर्दछ । भारतीय राजधानी नयाँ दिल्लीका पर्यटकका लागि समेत पोखरा पुग्न नेपालगञ्जबाट सहज हुन्छ । नेपालगन्ज पोखरा पहिलो उडान भर्न लागेका क्याप्टेन मनिष पुनले पोखराबाट ३४ मिनेटमा नेपालगन्ज आइपुगेको बताए । नेपालगन्ज देखि पोखराको उडान समय पनि ३५ देखि ४० मिनेटको हुन सक्ने क्याप्टेन पुनले बताए ।

उडानको शुरुवात भएकोमा खुसी हुदै नेपालगंजका ब्याबसायीले यात्रु, बिमानका पाईलट सहितका कर्मचारीलाई स्वागत गरे बुद्ध एयरले उडानसंगै टुर प्याकेजसमेत सार्वजनिक गरेको छ । बुद्ध एयरले सार्वजनिक गरेको टुर प्याकेजमा बर्दियामा पोखराबाट आउनेका लागि २ दिन ३ राहतको योजना छ । योजना १० हजार ९ सय ९९ रूपैयाँबाट शुरु हुन्छ । त्यस्तै नेपालगन्जबाट पोखराका लागि पनि त्यस्तै योजना १३ हजार४ सय ९९ रूपैयाँबाट शुरु भएको छ ।

# ग्लोबलले तानसेनका किसानलाई सहुलियतपूर्ण कर्जा दिने

**काठमाडौं/मस–** ग्लोबल आइएमई बैंक र तानसेन नगरपालिकाबीच कृषि अनुदान कर्जामा साना किसानको पँहुच बढाउनको लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ । ग्लोबल आइएमई बैंक तथा तानसेन नगरपालिकाको अगुवाईमा हेफर इन्टरनेशनल नेपाल एवम् ग्रामीण आर्थिक विकास संघसँगको समन्वयमा कृषि अनुदान कर्जा सम्बन्धि समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

बैंकको तर्फबाट लुम्बिनी प्रादेशिक कार्यालयका उप-प्रमुख जोगलाल भुषाल र तानसेन शाखाका शाखा प्रबन्धक विर बहादुर सारु तथा तानसेन नगरपालिकाका मेयर अशोक कुमार शाहीले उक्त समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार ग्लोबल आइएमई बैंकले तानसेन नगरपालिकाको विभिन्न ठाउँहरुमा बाखापालन, डेरी, तरकारी खेती, कुखुरापालन, बङ्गुरपालन, माछापालन तथा विभिन्न फलफूलहरुको उत्पादन गर्ने कृषकहरुलाई नगरपालिकाको सिफारिसमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनेछ भने उद्यमशील कृषकहरुलाई तानसेन नगरपालिकाको समन्वयमा ग्रामीण आर्थिक विकास संघको सहजिकरणमा हेफर इन्टरनेशनल नेपालले तालिम तथा प्राविधिक सहयोग प्रदान गर्नेछ ।मुलुकभर तथा मुलुक बाहिर शाखा सञ्जाल रहेको ग्लोबल आइएमई बैंकले बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ७६ जिल्लामा २७३ शाखा, २४८ एटीएम, २५७ शाखा रहित बैंकिङ्ग सेवा, ४७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८०० भन्दा बढि सेवा केन्द्रबाट ग्राहकवर्गलाई सेवा प्रदान गरिरहेको छ ।

# चेम्बरको पर्यटन प्रवर्द्धन समितिका सदस्यलाई मनोनयनपत्र प्रदान

**काठमाडौं/मस–** नेपाल चेम्बर अफ कमर्श अन्तर्गत अर्जुन शर्माको सभापतित्वमा गठित पर्यटन प्रवर्द्धन तथा संस्कृति समिति कार्यसमितीका सदस्यलाई मनोनयनपत्र प्रदान गरिएको छ ।

सदस्यहरु दीपकराज जोशी, हिक्मत सिंह ऐर, बिनय बस्नेत, युवराज श्रेष्ठ, खुम बहादुर सुवेदी, जनकराज कालाखेती, बिक्रम पाण्डे, हरिप्रसाद धरेल, देवचन्द्रलाल कर्णलाई मनोनयन पत्र प्रदान गरिएको हो ।

उक्त अवसरमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले कोभिड १९ को महामारीले नेपालको पर्यटन क्षेत्र बढी प्रभावित भएकोले यस क्षेत्रको प्रवर्द्धनका लागि पर्यटन क्षेत्रसँग आवद्ध सबै निकायहरु लाग्नु पर्ने बताए । उनले समितिमा नेपालको पर्यटन प्रवर्द्धन तथा संस्कृति क्षेत्रको विकासमा लामो अनुभव हाशिल गरेकाहरुको प्रतिनिधित्व भएकाले चेम्बरको पर्यटन प्रवर्द्धन तथा संस्कृति क्षेत्रमा गरिने प्रयासमा महत्वपूर्ण भूमिका निर्वाह हुने अपेक्षा व्यक्त गरे ।

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता : व्यक्ति, परिवार र समाजको ऐक्यबद्धता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (**विज्ञापन**), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**

# अफगानिस्तान संकट



**काठमाडौं / एजेन्सी–** अफगानिस्तानको दक्षिणी हेल्माण्ड प्रान्तमा सरकारी सैनिक र तालिबानीबीच भीषण भीडन्त जारी रहेको छ। अफगानिस्तानको सेना र अमेरिकी सेनाले सो क्षेत्रमा हवाई हमला जारी राखे पनि दक्षिणी हेल्मान्ड प्रान्तको एक शहर लस्कर गाहमा तालिबानीले कडारुपमा प्रतिवाद गरिरहेको बताइएको छ।

सोमबार प्राप्त भएको समाचारमा उक्त सहरमा तालिबानले एउटा टेलिभिजन स्टेशन नै कब्जामा लिएका बताइएको छ। त्यहाँका प्रत्यक्षदर्शीले दिएको जानकारीअनुसार यहाँका ग्रमीण क्षेत्रका कैयौं मानिसले कतिपय गाउँका खाली भवन तथा कार्यालयमा शरण लिएर बसेका छन्।

केही दिनयता अफगान तालिबानीले आक्रमणलाई तीव्र बनाएपछि विद्रोहीसँग लड्न ठूलो संख्यामा थप अफगान सैनिक परिचालन गरिएको छ। यसअघि सो क्षेत्रमा अमेरिकी सेना करिब बीस वर्षसम्म रहेका अमेरिकी सेना हालैमात्र त्यहाँबाट हटेपछि अहिले अफगानिस्तानको सेनाले सुरक्षा दिँदै आएको थियो। केही दिनयता सो क्षेत्रमा तालिबानीले तीव्ररूपमा आक्रमण गरेर कैयौं भू-भाग कब्जा गर्ने प्रयास गरिरहेका छन्। उनीहरुले केही स्थान त कब्जामा लिइसककेको पनि बताइएको छ।

**'सेना पठाउने विषयमा सो चिएको छैन'**

अफगानिस्तानमा संयुक्त राष्ट्रसंघीय शान्ति सेना पठाउने विषयमा अहिले नसोचिएको संयुक्त राष्ट्रसंघका लागि भारतीय राजदूतले बताएका छन्। संयुक्त राष्ट्रसंघका लागि भारतीय राजदूत टिएस तिरुमूर्तिले सो कुरा बताएका हुन्। उनले भनेका छन्, 'हामीले अहिले नै अफगानिस्तनमा संयुक्त राष्ट्रसंघीय शान्ति सेना पठाउने बारेमा केही सोचेका छैनौं, मलाई लाग्छ यो अहिलेको अवस्थाको समाधानका लागि शान्ति वार्ता नै विकल्प हुनसक्छ।'

हाल भारत संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को अध्यक्ष रहेको छ। अध्यक्षको हैसियतमा तिरुमूर्तिले सो कुरा बताएका हुन्।
उनले भनेका छन् कि तर हाल अफगानिस्तानको अवस्था निकै नै कमजोर भएको छ, त्यहाँका तालिबानीले हिंसालाई बढावा दिएका छन् र विभिन्न शहरमा उनीहरुले आक्रमण गरेको समाचार आइरहेका छन्।

राजदूत तिरुमूर्तिले सुरक्षा परिषद्को बैठकमा बोल्दै संयुक्त राष्ट्रसंघले अझै पनि अफगानिस्तानको समस्याको समाधान वार्ताबाटै गर्नुपर्छ भन्ने ठानेको छ भने।

**'विश्वकै सुरक्षाका लागि खतरा'**

अफगान सेनाका एक जेनरलले सरकारी फौजहरूसँगको लडाइँमा तालिबान लडाकु समूह विजयी भए त्यसले विश्व शान्तिमा 'भयावह' परिणाम निम्त्याउने चेतावनी दिएका छन्। जेनरल सामी सदातले दक्षिणी हेल्माण्ड प्रान्तमा तालिबान लडाकुविरुद्ध जारी लडाइँको नेतृत्व गरिरहेका छन्।

संयुक्त राष्ट्रसंघका अनुसार पछिल्ला दिनमा त्यहाँ कम्तीमा दशजना नागरिकको ज्यान गएको छ। तालिबान लडाकु समूहले लस्कर गाहका धेरै जिल्लामाथि नियन्त्रण कायम गरेका छन्। तर तालिबानले लस्कर गाहमाथि नियन्त्रण गर्न नसक्नेमा आफू विश्वस्त रहेको जेनरल सदातको दाबी छ।

सरकारी फौजहरूले केही भूभागमाथि नियन्त्रण गुमाएको भए पनि तालिबान समूहले लडाइँलाई जारी राख्न नसक्ने बीबीसीलाई बताएका छन्। यद्यपि तालिबान समूहले अरू इस्लामवादी समूहबाट शक्ति एकत्रित गरिरहेको र त्यसले अफगानिस्तानबाहिर खतरा निम्त्याउन चेतावनी उनले दिए। 'यसले ससाना अतिवादी समूहमा युरोप र अमेरिकाका शहरहरूमा परिचालित हुनका लागि आशा बढाउनेछ र विश्वकै सुरक्षामाथि भयावह असर पर्न सक्छ,' उनले भने, यो एउटा अफगानिस्तानको युद्ध होइन, यो उदार र सर्वसत्तावादविरुद्धको एउटा लडाइँ हो।'

लडाकुहरूबाट भइरहेका भीषण आक्रमणका कारण आफूहरू त्रासमा बाँचिरहेको लस्कर गाहका बासिन्दाले बताएका छन्। त्यहाँ आक्रमण गरिरहेका लडाकुहरूलाई अमेरिकी र अफगान फौजले हवाई हमलाको निशाना बनाइरहेका छन्। 'न त तालिबानले हामीमाथि दया गर्नेछन् न त सरकारले नै बमबारी रोक्नेछ। सडकहरूमा शव छन्। हामीलाई थाहा छैन ती शव सर्वसाधारणका हुन् कि तालिबान लडाकुको,' एक स्थानीय बासिन्दाले भने।

आममानिसहरूले लडाइँको 'दुष्प्रभाव झेलिरहेको' अफगानिस्तास्थित राष्ट्रसंघीय मिसन यूनामाले जनाएको छ। सर्वसाधारणको सुरक्षाका निम्ति थप कदम चाल्न उसले दुवै पक्षलाई आग्रह गरेको छ। यूनामाका अनुसार मृत्युका घटनाबाहेक थुप्रै मानिस घाइते भएका छन् भने हजारौं विस्थापित भएका छन्।

आक्रमण भइलिरहेका तीनवटा प्रान्तीय राजधानीमध्ये लस्कर गाह एउटा हो। आइतवार विमानस्थलमाथि रकेट हमला गरिएको अफगानिस्तानको दोस्रो ठूलो शहर कान्दहारमाथि नियन्त्रण कायम गर्ने लडाकुहरूको प्रयासबीच त्यहाँ लडाइँ जारी छ। कान्दहारमाथि नियन्त्रण कायम गर्न सके तालिबान समूहका लागि त्यो ठूलो सफलता हुनेछ। त्यसबाट उनीहरूले देशको दक्षिणमा पकड कायम गर्न पाउनेछन्।

यूनामाका अनुसार लडाइँका कारण विगत तीन दिनमा पाँचजना नागरिकले ज्यान गुमाएका छन् भने ४२ जना घाइते भएका छन्। घेराबन्दीमा पारिएको तेस्रो शहर हेरातमा सरकारी फौजहरू लडाकुहरूसँग संघर्षरत छन्। गत शुक्रवार संयुक्त राष्ट्रसंघको एउटा हातामाथि आक्रमण गरिएको घटनापछि सरकारी फौजहरूले हेरातका केही क्षेत्रमा पुनः नियन्त्रण गरेका छन्।

तालिबान समूहको सफलतालाई रोक्न सरकारी फौज संघर्षरत रहेका बेला अफगान राष्ट्रपति अशरफ घानीले अमेरिकी फौजको अचानक फिर्तीले लडाइँ चर्केको आरोप लगाएका छन्। 'हाम्रो अहिलेको अवस्थाका लागि अचानक लिइएको निर्णय जिम्मेवार छ,' सोमवार उनले संसद्मा भने।

सैनिक फिर्तीले निम्त्याउने परिणामबारे आफूले वाशिङ्गटनलाई पहिल्यै सचेत गराएको उनले बताए। पाकिस्तानी सीमानजिक नियन्त्रणमा लिएको एउटा शहरमा तालिबान समूहले 'आमनागरिकको नरसंहार' गरी युद्ध अपराध गरिरहेको अमेरिका र यूकेले आरोप लगाएका छन्।

# खोप अभियानमा अमेरिकाभन्दा युरोप अगाडि

**काठमाडौं / एजेन्सी–** युरोपेली संघ (ईयू) को आधा जनसंख्याले कोभिड-१९ विरूद्धको खोप लगाइसकेको छ। एएफपीको मङ्गलबारको एक अध्ययन रिपोर्ट अनुसार कोभिड-१९ विरूद्धको खोप अभियानमा ईयू संयुक्त राज्य अमेरिकाभन्दा अगाडि रहेको पाइएको छ।

ईयूका २७ सदस्य राष्ट्रमा झण्डै २२ करोड ४० लाख व्यक्तिले कोभिड-१९ विरूद्धको खोप लिएका छन्। यसमध्ये स्पेनमा ५८.३ प्रतिशत जनसंख्याले खोप लगाएर ठूला देशका कार्यक्रमलाई अग्रता दिएको छ। त्यसपछि इटाली मा ५४.४ प्रतिशत, फ्रान्स ५२.९ प्रतिशत र जर्मनी ५२.२ प्रतिशतले खोप लगाइसकेका छन्। यस तथ्याङ्कको अर्थ कोभिड-१९ विरुद्धको खोप अभियानमा अहिले अमेरिकाभन्दा पनि अगाडि युरोप रहेको मान्न सकिन्छ।

अमेरिकी जनसंख्याको करिब ४९.७ प्रतिशत मानिसहरूलाई खोपको पूर्ण मात्रा लगाइएको छ तर विशेष गरी दक्षिणपश्चिमी र मध्यपश्चिमी युरोपेली मुलुकहरूमा खोप अभियान सुस्त देखिएको छ।

सङ्क्रमणको सबैभन्दा बढी प्रभाब देखिएको अमेरिकामा ग्रीष्म ऋतुमा देखिएको सङ्क्रमणको स्तर अझै धेरै छ। सोमबार ७० प्रतिशत वयस्कहरूलाई कम्तीमा पनि एक मात्रा खोप लगाउने राष्ट्रपति जो बाइडेनको एक महिना पहिला पूरा हुनुपर्ने लक्ष्यमा पुग्न अमेरिकालाई निकै कठिनाई भएको छ। अमेरिकीहरूमा खोपको विश्वसनियतामाथिको प्रश्नले गर्दा अमेरिकामा खोप अभियान अपेक्षा गरेभन्दा ढिलो भएको बाइडेन प्रशासनको तर्क रहेको छ। अमेरिकामा कोभिड सङ्क्रमणका पछिल्ला लहरले गर्दा यो ग्रीष्म ऋतुमा पनि अस्पतालहरूमा कोभिड-१९ सङ्क्रमण उपचारका लागि पुग्ने विरामीको संख्या उच्च रहेको पाइएको एएफपीको एक समूहले सार्वजनिक गरेको पछिल्लो रिपोर्टमा उल्लेख छ।

खोप लगाउन अमेरिकापछि मात्र सुरू गरेको क्यानडा पनि आफ्नो दक्षिणी छिमेकीभन्दा अगाडि देखिएको छ। क्यानडामा सोमबारसम्ममा ५९ प्रतिशत नागरिकले कोभिड-१९ विरूद्धको खोप लगाइसकेका छन्।

आधिकारिक स्रोतबाट एएफपीलाई प्राप्त तथ्याङ्क अनुसार युरोपेलीहरूले आफ्नो जनसंख्याको ५९.३ प्रतिशत अंशलाई पहिलो मात्रा खोप दिएका छन् भने सोमबार सार्बजनिक ताजा तथ्याङ्कमा अमेरिका ५७.८ प्रतिशतसहित यूरापभन्दा पछाडि छ।


## भूल सुधार

मिति २०७८/०४/१९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा बैदेशिक रोजगार सिर्षक, L.T. No.: 239156 र पूर्व स्वीकृत मिति:२०७८/०१/०९, को विज्ञापनमा कम्पनीको नाम: RIYADH DIRECTION हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ।

Manaslu International Services Pvt. Ltd.



## युनाइटेड फ्रेग्रेन्सेस प्रा.लि. को स्वेच्छिक खारेजी (लिक्विडेसन) सम्बन्धी सूचना

प्रकाशित मिति: २०७८/०४/२०

युनाइटेड फ्रेग्रेन्सेस प्रा.लि. (प्रा.लि. नं.११२२७७।०६९।०७०) लाई स्वेच्छामा खारेज गर्न सो कम्पनीको मिति ०७८।०३।३१ को विशेष साधारण सभाले विशेष प्रस्ताव पारित गरी मलाई लिक्विडेटर नियुक्त गरेकोले उक्त कम्पनी संग लिनुपर्ने कसैको केहि भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित लिन आउने र दिनुपर्नेले पनि दाखिला गर्न आउन यो सार्वजनिक सूचना प्रकाशित गरेको छु। सो म्याद नाघेपछि कसैले हक दावी र माग गर्न पाउने छैन। कम्पनी खारेज भैजानेछ।

**सूचना प्रकाशित गर्नेको**
**नाम : युवराज क्षेत्री**
**(दामासाही व्यवसायी, इजाजतपत्र नं. १३।०६४**
**ठेगानाः प्यासिफिक ल एशोशियट्स, अनामनगर, काठमाडौं**
**फोन नं.: ०१-४२२८८७२, मो.नं. :९८५११३२७८४**
**advo.yubraj@gmail.com**



## कतारमा रोजगार | कम्पनी: AL SULAITHI AIR CONDITIONING REF AND TRAD EST
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०१/२४ चलानी नं.: ६०१५८३६९ LT. No.: 240355 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Fitter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1500 | ४८,९६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २७ गते (11 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com



## राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति: २०७८/०४/२०**

मिति २०७८-०२-२१ गते www.bolpatra.gov.np/egp तथा राजधानी राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७८/०२/२४ गते प्रकाशित तपशिल बमोजिमको बोलपत्र आह्वान सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्य निम्नानुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ।

तपसिल :

| ठेक्का नं. | योजना नाम | स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम ने.रु. (VAT र P.S. सहित) |
|---|---|---|---|
| 029/Works/NCB/RM/077/078 | SINHA DEVI CHOWK TO DUWADI CHOWK ROAD MAINTAINANCE WORK | M/S Kusum and Construction, Khairahani-3, Chitwan | ने.रु. ५६,५०,३७१/४४ |
| 30/Works/NCB/RM/077/078 | SIMARA CHOWK TO SOUTH BLACKTOP ROAD MAINTAINANCE WORK | M/S Kusum and Construction, Khairahani-3, Chitwan | ने.रु. ८,१७,६९१/३६ |

प्रमुख प्रशासकीय अधिकृत



## कतारमा रोजगार | कम्पनी: AL MANAR MANPOWER SERVICES
शहर:DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/०५ चलानी नं.: ६०१५९१०८ L.T. No.: 238491 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker (Female) | 0 | 2 | स. काममा दक्ष | 1000 | ३२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २७ गते (11 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।



**Mechi International Overseas Pvt. Ltd.**
Gov. Lic No. 1313/074/075
Sinamangal, Kathmandu, Tel: 01- 4487000, Fax: 01- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np

## साउदीमा रोजगार | कम्पनी: ABID ABDULRAHMAN AL SOBHI & SONS LTD
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०३/१५ चलानी नं.: ६०१५९९६० LT. No.: 241381 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २७ गते (11 August 2021) मा हुनेछ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।



**J J Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १०४०/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu, Tel : 4486825, 4486826
Mob.: 9851228946, 9851008265, 9851053767, Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com

## कतारमा रोजगार अवसर | COMPANY: ENAD RENT CAR
City:DOHA

पूर्व स्वीकृत मिति: २०७८/०३/२२ चलानी नं.: ६०१५९८३२ LT. No.: 241998 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Light | 2 | 0 | [illegible] | 1400 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | QR 300 | [illegible] | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन २७ गते (11 August 2021) मा हुनेछ।

**Rainbow Overseas Pvt. Ltd.**
Nepal Govt. Labour Lic No 352/ 059/060, Baneshwor, KTM, Nepal
Phone : 01- 4474975, 4469838

## SAUDI ARABIA मा रोजगार | Matar Ajab Al-Baqmi & Sons Co.CLL

LT No.: 243449

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Labor | 10 | [illegible] | 1100 | ३४,८४९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २ | Truck Driver | 3 | | 1800 | ५६,१८९।- | | | | | | | |

अन्तरवार्ता २०७८ साउन २७ गते (Aug. 11 2021) यस प्रा. लि. को कार्यालय कलंकीमा हुनेछ।

**रकि ईन्टरनेशनल प्रा. लि.**
कलंकी, काठमाडौं, फोन: ०१-५२२४५०५, ५२२४५०३, ९८४२४१६३६७